सुकुन्दा बचत तथा ऋण
सहकारी संस्था लि.
जगाती-७, भक्तपुर, फोन नं.०१-६६११२००

**नि:शुल्क स्वास्थ्य शिविरसम्बन्धी सूचना**

यस सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि.को स्वास्थ्य उपसमिति र महिला उपसमितिको संयुक्त आयोजनामा हुन गइरहेको स्वास्थ्य शिविरमा उपस्थित भई स्वास्थ्य लाभ लिनुहुन सबै महानुभावहरूमा जानकारी गर्दछौं ।

**मिति** : २०८२/१२/२१ गते, शनिबार
**समय**: बिहान ७ बजेदेखि ११ बजेसम्म
**स्थान** : वाइजल्यान्ड स्कूल वासिकचा, भक्तपुर
**उपलब्ध सेवाहरू**:
१: मधुमेह जाँच
२: दन्त जाँच
३: थाइराइड जाँचको मात्र रू. ५५०।- दस्तुर लाग्नेछ ।

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : ६१ ★ ने. सं. ११४६ चौला थ्व, सप्तमी ★ बुधवार ★ ११ चैत, २०८२ ★ March 25, 2026, Wednesday ★ मूल्य रु.५।– ★ पृष्ठ ८

## नेता किमद्वारा आणविक शक्तियुक्त राष्ट्रका रूपमा प्रजग कोरियाको स्थिति ‘अपरिवर्तनीय’ रहेको घोषणा



प्योङयाङ, १० चैत (केसीएनए) । प्रजातान्त्रिक जनगणतन्त्र कोरियाले आफ्नो आणविक कार्यक्रम कुनै हालतमा नछोड्ने स्पष्ट सन्देश दिएको छ । देशका सर्वोच्च नेता किम जोङ उनले आणविक शक्तियुक्त राष्ट्रका रूपमा आफ्नो स्थिति ‘अपरिवर्तनीय’ रहेको घोषणा गर्दै युद्ध उन्मादमा रहेका कठपुतली दक्षिण कोरियाली शासन र संयुक्त राज्य अमेरिकालाई कडा चेतावनी दिनुभएको छ ।

सर्वोच्च जनसभामा नीतिगत सम्बोधन गर्दै प्रजग कोरियाको राष्ट्रिय मामिला आयोगका अध्यक्ष किमले शत्रु शक्तिविरुद्धको सङ्घर्षलाई अझ आक्रामक बनाउने बताउनुभयो । उहाँले संविधानले दिएको जिम्मेवारीअनुसार आत्मरक्षात्मक आणविक प्रतिरोधलाई अझ विस्तार र सुदृढ बनाइने स्पष्ट पार्नुभयो । उहाँका अनुसार प्रजग (उत्तर) कोरिया अब आणविक शक्ति त्याग्ने दिशामा कहिल्यै जानेछैन ।

सर्वोच्च नेता किमले अमेरिकाले इरानमाथि गरेको सैन्य कारबाहीलाई ‘राज्य आतङ्कवाद’ को उदाहरणका रूपमा उल्लेख गर्दै विश्वव्यापी रूपमा शक्ति प्रदर्शन गर्ने प्रवृत्तिको आलोचना गर्नुभयो । संयुक्त राज्य अमेरिका र इजरायलले भने इरानमाथिको आक्रमण आणविक हतियार विकास रोक्नका लागि सैनिक कारबाही गरेको दाबी गर्दै आफ्नो कदमको बचाउ गर्दै आएका छन् ।

वर्षौंको अन्तर्राष्ट्रिय प्रतिबन्ध र कूटनीतिक अलगावका बाबजुद प्रजग कोरियासँग दर्जनौं आणविक हतियार र थप उत्पादन गर्न सक्ने सामग्री उत्पादन गरिसकेको छ । यसले ठोस इन्धनयुक्त अन्तरमहाद्वीपीय ब्यालेस्टिक क्षेप्यास्त्रसहित उन्नत प्रक्षेपण प्रणाली विकास गरेको छ, जसले कम समयमै दूरको लक्ष्यमा प्रहार गर्न सक्ने क्षमता राख्दछ । प्रजग कोरियाले हालसम्म छ वटा परमाणु परीक्षण गरिसकेको छ र करिब ९० वटा परमाणु वारहेड बनाइसकेको अनुमान गरिन्छ ।

हालै राज्य मामिला आयोगको प्रमुखका रूपमा पुन: नियुक्त भएपछि किमले दक्षिण कोरियाप्रति पनि कडा धारणा प्रस्तुत गर्नुभएको छ । उहाँले दक्षिण कोरियालाई ‘सबैभन्दा शत्रु राष्ट्र’ घोषणा गर्दै पूर्ण रूपमा अस्वीकार र बेवास्ता गरिने बताउनुभयो । संरा अमेरिकासित गठबन्धन गरी दक्षिण कोरियाले प्रजग कोरियाविरुद्ध निरन्तर शत्रुतापूर्ण क्रियाकलाप गरिरहेको कारण प्योङयाङले दक्षिणलाई बेवास्ता गरेको छ ।

किमले आफ्नो देशविरुद्ध हुने कुनै पनि आक्रामक कदमको ‘निर्दयी’ जवाफ दिइने चेतावनी दिँदै प्रतिकारमा कुनै हिच्किचाहट नराखिने उल्लेख गर्नुभयो । उहाँले कोरियाली प्राय:द्वीपमा शान्ति र स्थिरता कोरियाली जनताको चाहना चए तापनि साम्राज्यवादी संरा अमेरिका, जापान र दक्षिण कोरियाको कठपुतली शासनका कारण त्यो सम्भव नभइरहेको प्रस्ट पार्नुभयो ।

नेता किमले संरा अमेरिकामाथि क्षेत्रीय सुरक्षालाई कमजोर बनाउने षडयन्त्र गरिरहेको आरोप लगाउँदै आफ्नो देश वरपर आणविक रणनीतिक साधनहरूको तैनाथी बढाइएको बताउनुभयो । उहाँले विश्वभर अमेरिकाले ‘आक्रामकता र हस्तक्षेप’ गरिरहेको पनि बताउनुभयो ।

आर्थिक पक्षमा नेता किमले यस वर्ष देशले औद्योगिक उत्पादन डेढ गुणाले वृद्धि गर्ने लक्ष्य लिएको बताउनुभएको छ । उहाँका अनुसार पछिल्ला पाँच वर्षमा अर्थतन्त्रमा उल्लेखनीय प्रगति भएको छ र विभिन्न कठिनाइ पार गर्दै प्रमुख उद्योगहरूको पुन:संरचना गरिएको छ ।

उहाँले आणविक कार्यक्रम कायम राख्दै पनि आर्थिक समृद्धि हासिल गर्न सकिन्छ भन्ने दाबी गर्दै विरोधी शक्तिहरूको तर्कलाई खारेज गर्नुभयो । साथै सन् २०२६ मा कुल बजेटको १५.८ प्रतिशत रक्षा क्षेत्रमा खर्च गरिने जानकारी पनि दिनुभयो । यो अघिल्लो वर्षभन्दा केही बढी हो ।

## ख्वप कलेजमा विश्वविद्यालय अनुदान आयोगको समकक्षी परीक्षण टोलीको प्रारम्भिक अनुगमन सम्पन्न



भक्तपुर, १० चैत । ख्वप कलेजको शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्युएए) को लागि विश्वविद्यालय अनुदान आयोगको समकक्षी परीक्षण टोली (पीआरटी) ले चैत ८,९ र १० गते लगातार कलेजको प्रारम्भिक अनुगमन सम्पन्न गरेको छ ।

समापन कार्यक्रमका सभापति एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले अनुगमनको क्रममा टीमले दिएको सुझावलाई समयावधिभन्दा अगावै पूरा गर्ने प्रतिबद्धता जनाउँदै अनुगमनबाट प्राप्त सुझावले ख्वप कलेजको शैक्षिक सुधारमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

स्थानीय तहबाट सञ्चालित ख्वप कलेजले देशका अन्य स्थानीय तहलाई पनि शैक्षिक संस्था सञ्चालन गरी जनताको सेवा गर्न ऊर्जा प्रदान गरिरहेको उल्लेख गर्दै भक्तपुर नपाले सबैलाई समान सुविधा प्रदान गर्ने अवधारणाले काम गरिरहेको बताउनुभयो ।

उहाँले कलेजमा अध्ययनरत हरेक विद्यार्थीहरूलाई शैक्षिक प्रमाणपत्रका साथै हातमा कुनै न कुनै सीप दिने प्रयास गर्दै आएको बताउँदै विद्यार्थीले परीक्षामा ल्याएको उत्कृष्ट अङ्कले मात्रै उसलाई सफल बनाउने होइन, उसको नैतिकता, इमानदारिता र संस्कार महत्त्वपूर्ण हुने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप सर्कलअन्तर्गतका कलेजहरूको शैक्षिक गुणस्तर र सेवा सुविधाबारे धेरैको जिज्ञासा र चासो रहेको बताउँदै उहाँले यी कलेजहरूलाई अन्तर्राष्ट्रियकरण गर्दै लगिने बताउनुभयो ।

समापन कार्यक्रममा टोलीका संयोजक प्रा. सुवास केसीले ख्वप कलेजको समूहगत प्रयासले संस्थागत विकासमा सकारात्मक प्रभाव परेको उल्लेख गर्दै नगरपालिकाद्वारा सञ्चालित कलेजको उद्देश्य र दृष्टिकोण अनुकरणीय रहेको बताउनुभयो । उहाँले ख्वप कलेजको विकास र प्रगतिमा व्यवस्थापन समिति, विषयगत सङ्काय, विद्यार्थी र अभिभावकको सक्रिय सहभागिता र सहयोग रहेको बताउँदै समकक्षी परीक्षण टोलीको सुझावलाई पूर्ण कार्यान्वयन गर्नेमा विश्वास व्यक्त गर्नुभयो ।

टोलीका सदस्य नारायणप्रसाद भण्डारीले गुणस्तर सुनिश्चितताको विषयमा ख्वप कलेजबाट आफूले धेरै कुरा सिक्ने अवसर पाएकोमा खुसी व्यक्त गर्दै उच्च शिक्षा अध्ययन सकेका विद्यार्थीहरूलाई सक्षम बनाउन कलेजले जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठ र शिक्षक कमिनिका न्याइच्याईले पनि बोल्नुभएको थियो ।

## निर्वाचनमा प्रयोग नभएका चालीस प्रतिशत मतपत्र धुल्याइने

**प्रकाश सिलवाल/रासस**

काठमाडौं, १० चैत । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रयोग नभएको करिब ४० प्रतिशत मतपत्र धुल्याइने भएको छ ।

प्रतिनिधिसभा निर्वाचनमा ५९ प्रतिशत मत खसेकाले पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) र समानुपातिक निर्वाचन प्रणालीका लागि छापिएकामा ४० प्रतिशत मतपत्र प्रयोगविहीन भएका हुन् । निर्वाचनका लागि कूल एक करोड ८९ लाख तीन हजार ६६९ मतदाता रहेकामा आयोगले दुवै प्रणालीका लागि मतदाता सङ्ख्याभन्दा सात प्रतिशत बढी हुने गरी जनक शिक्षा सामग्री केन्द्रमार्फत मतपत्र छपाइ गरेको थियो । आयोगले प्रत्यक्षतर्फ दुई करोड तीन लाख २३ हजार र समानुपातिकतर्फ दुई करोड आठ लाख ४३ हजार गरी चार करोड ११ लाख ४३ हजार मतपत्र छपाइ गरी सम्बन्धित निर्वाचन क्षेत्रमा ढुवानी गरेको थियो ।

आयोगका अनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक करोड ११ लाख ६८ हजार ३२ मतदान भएको र त्यसमध्ये करोड पाँच लाख नौ हजार १७ (९४ दशमलव ५५ प्रतिशत) मत सदर भएको छ । त्यस्तै समानुपातिक निर्वाचन प्रणालीतर्फ एक करोड १२ लाख ८० हजार ६१७ मतदान भएकोमा एक करोड आठ लाख ३५ हजार २५ (९६ दशमलव ०५ प्रतिशत) मत सदर भएको थियो ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले सामान्यत: मतदाताको सङ्ख्याभन्दा बढी सङ्ख्यामा मतपत्र छापिने अभ्यासबमोजिम यस पटक पनि चार करोड ११ लाख ४३ हजार मतपत्र छापिएकामा प्रयोग नभएका मतपत्र कानुनी प्रबन्धबमोजिम तत्तत् क्षेत्रमा धुल्याउने प्रक्रियामा जाने बताउनुभयो । मतदाताभन्दा बढी मतपत्र छपाइ भएकोमा कुनै दुरूपयोग त भएन ? वा निर्वाचनको निष्पक्षतामा प्रश्न उठ्छ कि ? भन्ने कतिपयले प्रश्न उठाएको सन्दर्भमा प्रवक्ता भट्टराईले भन्नुभयो, “शङ्का त गर्न पाइयो तर निर्वाचनको निष्पक्षतामा कुनै शङ्का छैन । हामीले प्रतिवेदन राष्ट्रपतिसमक्ष बुझाइसकेको र कुनै दल वा पक्षबाट औपचारिकरूपमा त्यस्तो प्रश्न

*बाँकी पृष्ठ ८ मा*

*व्यङ्ग्यचित्रको कुनो*





**हनुमान नाच प्रदर्शन**

चैत्राष्टमीको पूर्वसन्ध्यामा मङ्गलबार बागलुङ कालिका मन्दिर परिसरमा बागलुङका नेवार समुदायले संवर्द्धन गर्दै आएको हनुमान नाच प्रदर्शन गरिँदै । करिब तीन सय वर्ष पुरानो मानिने यस परम्परागत नाचले धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको छ । *तस्बिरः डम्मर बुढामगर/रासस*

# नेल आर्ट तालिम सुरु

भक्तपुर, १० चैत । वाग्मती प्रदेश, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, उद्योग तथा वाणिज्य कार्यालयको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत कार्यक्रमअन्तर्गत उद्योग तथा वाणिज्य कार्यालयको आयोजना तथा भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको सहकार्यमा सीपमूलक तालिमअन्तर्गत १५ दिने एडभान्स नेल आर्ट तालिम मङ्गलबारबाट सुरु भयो ।

उक्त उद्घाटन समारोहमा वाग्मती प्रदेशका सांसद सकुन्तला श्रेष्ठले तालिममा सिकेका कुरा व्यवहारमा लागू गर्न सुझाव दिँदै सिकेको सीपलाई समाजमा पनि सिकाउन अनुरोध गर्नुभयो ।

उद्योग तथा वाणिज्य कार्यालयका कार्यालय प्रमुख रामप्रसाद कुस्माले कार्यालयबाट आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरेका तथा सञ्चालन गरिने विभिन्न तालिम कार्यक्रमबारे जानकारी गराउनुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका निवर्तमान अध्यक्ष प्रेम खर्बुजाले सङ्घको उद्देश्य र सङ्घले गरिरहेका विभिन्न गतिविधिहरूबारे जानकारी गराउनुको साथै तालिम सिकेर उद्यमी बन्न अनुरोध गर्नुभयो ।

प्रशिक्षक सृजना कक्षपतिले तालिम अवधिभर अनुशासित भई नियमितरूपमा कक्षामा सहभागी हुन प्रशिक्षार्थीहरूलाई अनुरोध गर्दै नेल आर्टको बजारमा धेरै माग भएको कारण सीप सिकेर रोजगार सजिलो पाउन सकिने जानकारी गराउनुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठको सभापतित्वमा भएको सो कार्यक्रममा सभापति श्रेष्ठले उद्योग तथा वाणिज्य कार्यालयबाट विगतदेखि नै विभिन्न कार्यक्रमको सहकार्य गर्ने अवसर दिएकोमा कार्यालयप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि यसरी नै सहकार्य हुने विश्वास व्यक्त गर्नुभयो ।

महिला उद्यमी समितिका अध्यक्ष कमलश्वरी खर्बुजाले महिला आर्थिक रूपले सवल भए समाज र देशको आर्थिक उन्नतिको लागि टेवा पुग्ने भएकोले राज्यबाट महिला उद्यमीहरूलाई विभिन्न सुविधा दिइरहेको हुनाले उद्यमी बनी सो सेवा सुविधा लिनुपर्ने र सो कार्यको लागि सङ्घको सधैँ साथ र सहयोग हुने बताउनुभयो ।

# लिशा स्कूलमा स्वास्थ्य शिविर सम्पन्न





भक्तपुर, १० चैत । लिशा इङ्गलिस सेकन्डरी स्कूलको प्राङ्गणमा विशेषज्ञ चिकित्सक र स्वास्थ्यकर्मीहरूको सहयोगमा मङ्गलबार आँखा, नाक, कान, घाँटी, दाँत, सुगर र प्रेसरको परीक्षण तथा नि:शुल्क औषधि वितरण कार्यक्रम भयो ।

लिशा इङ्गलिस स्कूल, लायन्स क्लव अफ भक्तपुर अरनिको, लायन्स क्लव अफ भक्तपुर स्पार्क र लायन्स क्लव अफ भक्तपुर यूसीईपी सानो ठिमीको सहयोगमा सञ्चालित सो स्वास्थ्य शिविरमा प्राविधिक सहयोग वीपी नेत्र प्रतिष्ठान मनोहराले गरेको थियो ।

शिविरमा विद्यालयको कक्षा १ देखि ३ सम्मका विद्यार्थी र अभिभावकहरूको स्वास्थ्य परीक्षण गरिएको थियो । आँखा परीक्षणमा प्रकाश भट्ट र विवेक बोयजु, सुगर र प्रेसरमा सङ्गिता क्षेत्री, शारदा सुवेदी, कविता त्वायना, निशा प्रजापति, बिना बासी तथा नाक, कान, घाँटी र दाँतमा सिविसा पन्त, जनक पाण्डे र पुनीत कर्माचार्य संलग्न हुनुभएको थियो ।

शिविरमा आँखा परीक्षणमा १३७ जना, सुगर र प्रेसरमा ३६ जना र नाक, कान, घाँटी र दाँतमा ६३ ले स्वास्थ्य परीक्षण गराएका थिए ।

# आमाको नामबाट तीन हजारले लिए नागरिकता

काठमाडौँ, १० चैत । नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ जारी भएदेखि आमाको नामबाट दुई हजार ९४८ जनाले नागरिकता लिएका छन् । नयाँ नियमावली जारी भएपछि हालसम्म नयाँ व्यवस्थाअनुसार उनीहरूले नागरिकता प्राप्त गरेको गृह मन्त्रालयले जनाएको छ ।

चौथो पटक संशोधन गरिएको नेपाल नागरिकता नियमावली राजपत्रमा प्रकाशित गरिएको थियो । गत पुस ११ गते बसेको मन्त्रिपरिषद् बैठकले नेपाल नागरिकता चौथो संशोधन नियमावलीमा स्वीकृत गर्ने निर्णय गरेको थियो ।

नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा संशोधन गरिएको छ । त्यस्तै, मूल नियमावलीको नियम ५, ७, ८ र १४ मा संशोधन गरिएको छ । मूल नियमावलीमा नियम १६ (क) थप गरिएको छ भने मूल नियमावलीको अनुसूचीमा संशोधन गरिएको छ ।

नयाँ व्यवस्थाअनुसार बुबा वा आमामध्ये एक जनाले जन्मका आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्को अभिभावक नागरिकता नपाउँदै मृत्यु भएको वा बुबाको ठेगाना अज्ञात रहेको अवस्थामा तथा नेपाली आमाबाट विदेशमा जन्मिएर बुबाको पहिचान नभएका तर नेपालमा स्थायी बसोबास गरिरहेका सन्तानको हकमा प्रमुख जिल्ला अधिकारीले आवश्यक छानबिन गरी अङ्गीकृत नेपाली नागरिकता प्रदान गर्न सक्ने व्यवस्था थप गरिएको छ ।

नागरिकता जारी गर्दा नियमावलीले तोकेका कागजातका अतिरिक्त स्वघोषणालाई पनि महत्त्वपूर्ण आधारका रूपमा लिइनेछ । त्यसका लागि आवश्यक ढाँचासमेत संशोधित नियमावलीले व्यवस्था गरेको छ । यसअघि वैवाहिक अङ्गीकृतबाहेकका अन्य अङ्गीकृत नागरिकता गृह मन्त्रालयको निर्णयमा मात्र प्रदान हुने व्यवस्था थियो । नयाँ कानुनी व्यवस्थाअनुसार उक्त अधिकार प्रमुख जिल्ला अधिकारीलाई प्रत्यायोजन गर्न सकिने व्यवस्था गरिएको छ, जसले नागरिकता वितरण प्रक्रियामा स्थानीय तहको भूमिका र जिम्मेवारी बढाएको छ ।

संशोधनले यसअघि कानुनले स्पष्ट रूपमा समेट्न नसकेको नाबालक परिचयपत्र वितरणसम्बन्धी विषयलाई पनि समावेश गरेको छ । साथै विदेशी महिलाले नेपाली पुरुषसँग विवाह गरेको अवस्थामा वैवाहिक अङ्गीकृत नागरिकता प्रदान गर्नुअघि निजको नेपाल बसाइँ अनुमति (भिसा) नियमित हुनुपर्ने व्यवस्था स्पष्ट गरिएको छ । ***(रासस)***

# समपूरक र विशेष अनुदान लिन तीन हजार पाँच सय आयोजना प्रस्ताव

काठमाडौँ, १० चैत । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घीय सरकारबाट समपूरक र विशेष अनुदान लिन प्रदेश र स्थानीय तहबाट करिब तीन हजार ५०० आयोजनाको प्रस्ताव परेको छ ।

राष्ट्रिय योजना आयोगका अनुसार स्थानीय तहबाट तीन हजार ३५८ र प्रदेशबाट १४० आयोजना तथा कार्यक्रमको प्रस्ताव परेको हो । आयोगले आगामी आवका लागि सङ्घीय समपूरक र विशेष अनुदानअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागि गत माघ मसान्तभित्र प्रस्ताव पेस गरिसक्न भनेको थियो ।

आयोगका सहायक प्रवक्ता डा. दिवाकर लुइँटेलका अनुसार हाल आयोगमा प्राप्त योजना तथा कार्यक्रमको लागत अनुमान तथा विश्लेषण र छनोट भइरहेको छ । "समपूरक र विशेषअनुदानका लागि प्राप्त बजेट सिलिङ र प्राप्त योजना तथा कार्यक्रमको आवश्यकता, कार्यान्वयन पूर्वतयारी, आवश्यक कागजातलगायतका विवरण अध्ययन भइरहेका छन्", उहाँले रासससँग भन्नुभयो ।

आयोगका अनुसार आगामी आर्थिक वर्षका लागि यी शीर्षकको अनुदान लिन दुई हजार ८२० नयाँ र ६७८ वटा क्रमागत योजना तथा कार्यक्रमको प्रस्ताव परेको छ । नयाँ योजना तथा कार्यक्रमतर्फ विशेष अनुदान लिन एक हजार ४६४ र समपूरक अनुदान लिन एक हजार ३५६ वटा प्रस्ताव परेका छन् ।

त्यसैगरी क्रमागत आयोजना तथा कार्यक्रमका लागि विशेषतर्फ २२० र समपूरकतर्फ ४५८ आयोजनाको प्रस्ताव परेको आयोगले जनाएको छ ।

योजना आयोगले प्रदेश र स्थानीय तहसँग यी शीर्षकमा अनुदान लिनका लागि योजना तथा कार्यक्रम माग गर्दा समपूरक अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ र विशेष अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को प्रावधानभित्र रही प्रस्ताव पेस गर्न भनेको थियो । जसअनुसार प्रदेश र स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रस्ताव पेस गर्न भनिएको थियो ।

प्रदेशको हकमा सम्बन्धित प्रदेश नीति तथा योजना आयोगले तयार पारेको प्राथमिकीकरणसहितको सिफारिस तथा प्रदेश सरकारको सिफारिस र स्थानीय तहको हकमा कार्यपालिकाबाट सिफारिस पनि अनिवार्य गरिएको छ । समपूरक र विशेष अनुदानका लागि आयोगको विद्युतीय सूचना व्यवस्थापन प्रणालीमार्फत प्राप्त प्रस्तावलाई मात्र हेरिने आयोगले जनाएको छ ।

कार्यविधिअनुसार यी शीर्षकमा अनुदान लिन आयोजनाको सम्भाव्यता अध्ययन, 'ड्रइङ', 'डिजाइन', 'स्पेसिफिकेसन'सहितको विस्तृत विवरणको लागत अनुमान पेस गर्नुपर्ने हुन्छ । वातावरणीय अध्ययन प्रतिवेदनलगायतका कागजात आवश्यक हुन्छ । अनुदान माग गर्न स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश सरकारको मन्त्रिपरिषद्ले निर्णय गरेको हुनुपर्ने व्यवस्था कार्यविधिमा छ । ***(रासस)***

# डेढ वर्षपछि बाढीपहिरोले क्षति पुऱ्याएको घरको पुनर्निर्माण गर्न अनुदान सिफारिस

काभ्रेपलाञ्चोक, १० चैत । जिल्ला विपद् व्यवस्थापन समितिले बाढीपहिरोले क्षति पुऱ्याएको डेढ वर्षपछि स्थायी आवास निर्माणार्थ पीडितको नामावली सिफारिस सुरुआत गरेको छ । समितिको सोमबार सम्पन्न बैठकले २०८१ असोजको बाढीपहिरोले पूर्ण तथा आंशिक क्षति पुगेका रोशी गाउँपालिकाका पीडितको सूची सिफारिस गर्ने निर्णय गरेको हो ।

समितिद्वारा पहिलो चरणमा उक्त गाउँपालिकाका १९९ घर स्थायी निर्माण गर्न तथा ४० घर रेट्रोफिटिङ (प्रबलीकरण) गर्न सिफारिस गरिएको छ । समितिका संयोजक प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले काभ्रेमा गत सालको विपत्तिमा आवासमा पुऱ्याएको क्षति छानबिन गरी स्थायी आवास निर्माणका लागि सिफारिस गर्न सुरु गरिएको बताउनुभयो ।

उहाँका अनुसार रोशी गाउँपालिकाबाट राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा स्थायी आवासका लागि सिफरिस सुरु गरिएकाले क्रमशः जिल्लाका अन्य स्थानीय तहका पनि सिफारिस गरिनेछ ।

सरकारले २०८१ असोजको बाढीपहिरोले क्षति पुऱ्याएको आवासको स्थायी पुनर्निर्माणका लागि रु. चार लाख अनुदान दिने निर्णय गरेको थियो । साथै सोही निर्णयअनुसार रु. चार लाखमध्ये सङ्घीय सरकारले ५० प्रतिशत, प्रदेश सरकारले ३० प्रतिशत तथा स्थानीय तहले २० प्रतिशत व्यहोर्ने नीति बनाइएको थियो । यसअघि जिल्लाको १० स्थानीय तहका दुई हजार ८९५ घरपरिवारलाई सरकारबाट प्राप्त अस्थायी आवास अनुदान वितरण गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

बाढीपहिरोले रोशी गाउँपालिकामा १२ जनाको निधन भएको थियो । यस्तै बाढीपहिरोबाट ४८२ पूर्ण रूपमा तथा ८८३ घर आंशिक रूपमा क्षति पुगेको थियो । यस्तै, दुई हजार ५४४ परिवारको खेतबारीमा क्षति पुगेको जनाइएको छ । त्यसैगरी, ६० खानेपानी आयोजना, एक पक्की पुल, विद्यालय तथा चार स्वास्थ्य केन्द्रमा क्षति पुगेको थियो । बाढीपहिरो निर्माण सम्पन्न भएको डम्फू पार्क, १० शय्याको एक अस्पताल, चिस्यान केन्द्रसहितको औद्योगिक ग्राम बगाएको थियो ।

गत साल असोजको बाढीपहिरोबाट जिल्लामा ८१ जनाले ज्यान गुमाएका थिए । छ जना अझै बेपत्तामा सूचीकृत छन् भने एक सयको हाराहारीमा घाइते भएका थिए । गत चैत अन्तिम साताबाट जिल्लामा सबैभन्दा बढी जनधनको क्षति ब्यहोरेको रोशी गाउँपालिकाबाटै निजी आवासको विस्तृत क्षति आकलन सुरु गरिएको थियो ।

***(रासस)***



**रोपाइँका लागि बीउ निकाल्दै**

कैलालीको भजनी नगरपालिका-३ ठेकीस्थित किसानहरू चैते धानको रोपाइँका लागि ब्याडबाट बीउ निकाल्दै । भजनीमा चैते धान रोपाइँ गर्नेको सङ्ख्या बर्सेनि बढ्दै गएको छ । *तस्बिर : झलनाथ खनाल/रासस*

## सङ्क्षिप्त समाचार

# चार महिनादेखि तिला गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतविहीन

जुम्ला, १० चैत । यहाँको तिला गाउँपालिका चार महिनादेखि प्रमुख प्रशासकीय अधिकृतविहीन बनेको छ । सरुवा भएर गएका प्रमुख प्रशासकीय अधिकृतको रिक्त स्थानमा सम्बन्धित मन्त्रालयले अर्को कर्मचारी नपठाएपछि गाउँपालिकाको दैनिक कामकाज नै प्रभावित भएको गाउँपालिका अध्यक्ष मोतीलाल रोकायाले जानकारी दिनुभयो ।

प्रशासकीय अधिकृत नहुँदा कतिपय सम्पन्न भइसकेका योजनाको भुक्तानीलगायतका काम ठप्प छन् । सम्बन्धित मन्त्रालयसँग प्रशासकीय अधिकृत पठाइदिन गाउँपालिकादेखि पत्र पठाएपनि सुनुवाइ नभएको गुनासो छ । नयाँ सरकार गठन भएपछि मात्र प्रमुख प्रशासकीय अधिकृत पठाउने भनी मन्त्रालयबाट जवाफ पाएको गाउँपालिका अध्यक्ष रोकायाले बताउनुभयो ।

यसअघिका प्रमुख प्रशासकीय अधिकृत सुरेश भट्टराई गत माघको दोस्रो साता सरुवा हुनुभएको थियो । प्रमुख प्रशासकीय नहुँदा फागुनदेखि कर्मचारीको तलबसमेत निकासा हुन सकेको छैन । *(रासस)*

# दुग्ध उत्पादक किसानले ५५ करोड भुक्तानी पाएनन्

चितवन, १० चैत । जिल्लाका दुग्ध उत्पादक किसानले दुध बिक्री गरे बापत रु. ५५ करोड भूक्तानी पाउन सकेका छैनन् । उनीहरूले विगत ६ महिनादेखिको भुक्तानी पाउन सकेका छैनन् ।

जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगालेका अनुसार गत कार्तिकदेखिको दुधको भूक्तानी नपाउँदा किसान समस्यामा छन् । बजारको समस्या नभए पनि दुग्ध विकास संस्थानसहित ठुला दूध उद्योगले रकम भूक्तानी नगर्दा दुग्ध उत्पादक किसान समस्यामा परेका हुन् ।

उहाँले भन्नुभयो "संस्थानको ६ महिनादेखि र अन्य उद्योगको तीन महिनादेखिको भ्क्तानी बाँकी छ ।" साना उद्योगले नियमित भूक्तानी गर्ने गरेको भए पनि ठुला उद्योगको भुक्तानी बाँकी रहेको अध्यक्ष बगालेले जानकारी दिनुभयो ।

जिल्लामा अहिले दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुँदै आएको छ । जसमध्ये ५० प्रतिशतभन्दा बढी दूध बिक्री गर्न जिल्ला बाहिर लैजाने गरिन्छ । यहाँका ११५ दुग्ध उत्पादक सहकारी सङ्घले दैनिक दूध सङ्कलन गरेर ठुला उद्योगलाई बिक्री वितरण गर्ने गरेका छन् । ती सहकारीले समयमा भूक्तानी नपाउँदा किसानलाई भूक्तानी गर्न कठिन भएको उहाँले जानकारी दिनुभयो । जिल्लामा ४० हजार किसानले दूग्ध उत्पादन गर्दै आएका छन् *(रासस)*।

# लागूऔषधसहित विभिन्न स्थानबाट बाह्र जना पक्राउ

काठमाडौँ, १० चैत । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागूऔषधसहित १२ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार विराटनगर महानगरपालिका-१५ बाट लागूऔषध खैरो हेरोइनसहित भारतीय नागरिक मसुल अनसारीलाई पक्राउ गरिएको हो । सुनसरीको इनरूवा नगरपालिका-४ बसचोकबाट दुई, कैलालीको धनगढी उपमहानगरपालिका-८ धनगढीगाउँबाट सिरहाको गोलबजार नगरपालिका-४ निपाने टोलबाट एक जनालाई खैरो हेरोइनसहित पक्राउ गरिएको हो ।

नवलपरासी पश्चिमको सुनवल नगरपालिका-१२ बाट दुई, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१० बुदबुदेबाट दुई, बाँकेका दुई, रूकुम पूर्वको, भूमे गाउँपालिका-२ बाट दुई जनालाई पक्राउ गरिएको हो । *(रासस)*

# इलाममा रेडपाण्डा महोत्सव

काठमाडौँ, १० चैत । इलाममा चैत २० देखि २३ गतेसम्म तेस्रो रेडपाण्डा महोत्सव हुने भएको छ । दुर्लभ वन्यजन्तु रेडपाण्डाको संरक्षण र पर्यटन प्रवर्द्धनको उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको हो ।

सोमबार काठमाडौँमा पत्रकार भेटघाटमा महोत्सव आयोजक समितिका संयोजक सनम राईले 'रेडपाण्डा ट्रेल' मा आधारित पदमार्ग पर्यटनलाई केन्द्रमा राखेर महोत्सव आयोजना गर्न लागिएको बताउनुभयो । करिब ४० किलोमिटर लामो उक्त पदमार्गले माईपोखरीदेखि जौबारीसम्मका विभिन्न पर्यटकीयस्थललाई जोड्छ । यस मार्गमा रेडपाण्डासहित विभिन्न प्रजातिका चरा, वन्यजन्तु, जैविक विविधताको अध्ययन-अवलोकन गर्न सकिन्छ । सन्दकपुर गाउँपालिका-४ कालपोखरीमा महोत्सव आयोजना हुनेछ ।

आयोजकका अनुसार रेडपाण्डा पदयात्राको अनुभव, जङ्गल सफारी, चराहरूको दृश्यावलोकन महोत्सवका मुख्य आकर्षण रहनेछन् । यस्तै, यहाँका १८ प्रजातिको गुराँसको अध्ययनका साथै आदिवासी जनजातिको संस्कृतिसमेत नियाल्न पाइनेछ । विश्वको अग्लो सगरमाथासहित ६० भन्दा बढी हिमशृङ्खला, सयौँ प्रजातिका चराको अवलोकन गर्न सकिने संयोजक राईले बताउनुभयो । महोत्सवमा आन्तरिक र बाह्य १० हजार पर्यटक सन्दकपुर भित्र्याउने आयोजकको लक्ष्य छ ।

महोत्सव आयोजक सन्दकपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिलकुमार लिम्बूले यस महोत्सवले पालिकाका प्रमुख गन्तव्यहरूको समेत प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । यसअघि २०८० चैत २७ देखि वैशाख १ गतेसम्म पहिलो र २०८१ चैत २० देखि २३ गतेसम्म दोस्रो रेडपाण्डा महोत्सव आयोजना गरिएको थियो । रेडपाण्डाको माध्यमबाट पूर्वी नेपालको वनजङ्गल पर्यटनलाई चलायमान बनाउने उद्देश्य रहेको जनाइएको छ ।

झापाको चारआलीबाट ७५ किलोमिटरको दूरीमा इलाम बजार र त्यहाँबाट १८ किलोमिटर यात्रा गरेपछि सन्दकपुर गाउँपालिकाको रामसार क्षेत्र पुग्न सकिन्छ । त्यहाँको पर्यटन सूचना केन्द्रको सहयोगमा यहाँका पर्यटकीय गन्तव्यको यात्रा गर्न सकिन्छ । *(रासस)*

# संविधानसभापछि सिंहदरबार फर्कंदै संसद्

**- भीष्मराज ओझा**

काठमाडौँ, १० चैत । मुलुकमा संविधानसभा सदस्यको निर्वाचनपछि २०६५ जेठदेखि सिंहदरबारभन्दा बाहिर बस्दै आएको संसद् अधिवेशन १७ वर्षपछि सिंहदरबारमै बस्न लागेको छ । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनपछि संसद् बैठक अब सिंहदरबारस्थित निर्माणाधीन आफ्नै भवनमा बस्न लागेको हो । सोही भवनमा प्रतिनिधिसभाका नवनिर्वाचित २७५ सदस्यको शपथ यही चैत १२ गते दिउँसो २ बजेका लागि तय भएको छ ।

विसं २०६४ चैत २८ गते भएको निर्वाचनबाट ६०१ सदस्यीय संविधानसभा गठन भएपछि पुरानो संसद् (ग्यालरी बैठक) भवन साँघुरो भएकाले संसद्को अधिवेशन नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा बस्दै आएको थियो । संविधानसभा अघिसम्म भने संसद् बैठक सिंहदरबारस्थित पुरानो संसद् (ग्यालरी बैठक) भवनमा बस्दै आएको थियो । विसं २०१६ देखि प्रारम्भ भएको नेपालको संसदीय इतिहास त्यहीँ भवनबाट सुरु भएको थियो ।

गत भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा आगजनीबाट बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको भवन ध्वस्त भएको थियो । राष्ट्रियसभाको बैठक भने यसअघि गत माघ ४ गतेदेखि नै अस्थायी रूपमा सिंहदरबारस्थित कृषि समितिको बैठक कक्षमा बस्दै आएको छ ।

सङ्घीय संसद सचिवालयले संविधानसभा बैठकका लागि २०६५ जेठदेखि भाडा र कर्मचारी परिचालनसहित वार्षिक रु. पाँच करोड ६० लाख तिर्ने गरी अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिसँग सम्झौता गरेको थियो । समितिका वरिष्ठ कार्यक्रम संयोजक दीपेन्द्रविक्रम सिंहका अनुसार उक्त भाडा प्रत्येक वर्ष १० प्रतिशतले वृद्धि भई पछिल्लो समय गत असोजसम्म पुग्दा वार्षिक रु. १६ करोड ५० लाख पुगेको थियो ।

सचिवालयले संसदीय गतिविधिका लागि समितिको १५३ रोपनी क्षेत्रफलमा रहेका मुख्य सभा हलसहित आठ विभिन्न हल, विशिष्ट कक्ष, पार्किङ, बगैँचालगायत प्रयोग गर्दै आएको संयोजक सिंहले बताउनुभयो । जेनजी आन्दोलनपछि संसद् सचिवालयले सूचना प्रकाशित गरी गत असोजदेखि एकतर्फी रूपमा उक्त सम्झौता रद्द गरेको छ । तत्काल संसद् बैठक सिंहदरबारस्थित निर्माणाधीन संसद् भवनको मुख्य हल निर्माण हुन केही समय लाग्ने भएपछि सङ्घीय संसद् सचिवालयले बहुउद्देश्यीय हल तत्कालका लागि प्रयोग गर्ने जनाएको छ । सचिवालयका प्रवक्ता सहसचिव एकराम गिरीले शपथ ग्रहण र प्रारम्भिक बैठकका लागि वैकल्पिक हलको व्यवस्था गरिएको जानकारी दिनुभयो । मुख्य हल तयार हुन केही समय लाग्ने भएपछि तत्कालका लागि वैकल्पिक व्यवस्था गरिएको उहाँको भनाइ छ ।

निर्वाचन आयोगबाट अन्तिम मतपरिणाम सार्वजनिक भएपछि प्रतिनिधिसभा बैठक बोलाउने गरी तयारी थालिएको हो । त्यसका लागि प्रतिनिधिसभाका नवनिर्वाचित ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीलाई बुधबार राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालय शीतल निवासमा शपथ गराउनुहुने कार्यक्रम तय भएको छ ।

त्यसैगरी, ज्येष्ठ सदस्य केसीले यही चैत १२ गते प्रतिनिधिसभाका नवनिर्वाचित सबै सदस्यहरूलाई नयाँ संसद् भवनमा शपथ गराउनुहुने प्रवक्ता गिरिले बताउनुभयो । नेपालको संविधानको धारा, ९३ अनुसार राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र सङ्घीय संसद्को अधिवेशन आह्वान गर्नुपर्छ ।

नयाँ संसद् भवन सिंहदरबारस्थित पुतली बगैँचामा २०७६ असोज १ गते शिलान्यास गरिएको थियो । शहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशक तथा आयोजना निर्देशक रोशन श्रेष्ठका अनुसार भवनको अधिकांश काम सम्पन्न भइसकेको छ भने केही प्राविधिक काम बाँकी छ ।

विभागका अनुसार संसद् भवनको सिभिल निर्माणतर्फ करिब रु. पाँच अर्ब ५० देखि ६० करोड हाराहारी खर्च हुने अनुमान छ भने 'इन्टेरियर' निर्माणका लागि थप रु. दुई अर्ब ३४ करोड लागत रहेको छ । करिब १५१ रोपनीभन्दा बढी क्षेत्रफलमा निर्माण भइरहेको नयाँ संसद् भवन तयार भएपछि सङ्घीय संसद्का सम्पूर्ण गतिविधि यही नयाँ संरचनाबाट सञ्चालन हुनेछन् ।

यसमा प्रतिनिधिसभा र राष्ट्रियसभाका भवन, अतिविशिष्ट कक्ष र अन्य कार्यालयलगायत १२ भवन हुनेछन् । संसद् भवनभित्र मुख्य भवन आठ छन् । भवनभित्र ३५० सिट क्षमताको संयुक्त 'लबी' हुनेछ भने सानाठुला गरी १० संसदीय दलका कार्यालय हुनेछन् । साथै चार अतिरिक्त विशिष्ट कक्ष, दुई संसद् सचिवालय भवन, संसद् 'लाइब्रेरी'लगायत संरचना निर्माण गरिएका छन् । *(रासस)*

# जानीजानी वनमा डढेलो लगाउने प्रवृत्ति बढ्दो

दमौली (तनहुँ), १० चैत । सामुदायिक वनमा मानिसले जानीजानी डढेलो लगाउने प्रवृत्ति बढ्दै गएको छ । सामुदायिक वनमा ९० प्रतिशभन्दा बढी डढेलो मानव सिर्जित हुने गरेको डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाटले जानकारी दिनुभयो ।

त्यसमध्ये ६४ प्रतिशत डढेलो मानिसले जानाजान लगाउने गरेको रानाभाटले बताउनुभयो । मानिसले जानीजानी लगाउने डढेलो नियन्त्रण नै अहिलेको प्रमुख चुनौती रहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "सामुदायिक वनमा यत्तिकै आगो लाग्ने सम्भावना निकै कम छ, मानिसले नयाँ घाँस पलाउँछ भनेर डढेलो लगाइदिने गरेका छन् । यसलाई पूर्ण रूपमा रोक्न सकिएको छैन ।"

रानाभाटका अनुसार चरणका लागि आगो लगाउने प्रवृत्ति ३० प्रतिशत, चुरोट पिउनेबाट १५, शिकारीबाट सात, वनभोज क्याम्पफाइरिङ आउनेहरूबाट सात, बच्चाहरू खेल्दा छ, अवैध काठ कटान गर्नेहरूबाट पाँच, अतिक्रमणकारीबाट पाँच, खोरिया फँडानीबाट पाँच, गोल पोल्नेबाट चार प्रतिशत र बाँकी जडिबुटी सङ्कलकबाट डढेलो लाग्ने गरेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा ७१ वटा सामुदायिक वनका एक हजार ३२२ हेक्टर क्षेत्रफलमा डढेलो लागेको थियो । यस्तै आव २०८१/८२ मा ८४ सामुदायिक वनका छ सय ६२ हेक्टर क्षेत्रफलमा डढेलो लागेको रानाभाटले जानकारी दिनुभयो । दक्ष जनशक्तिको कमी, आधुनिक उपकरणको अभाव, बजेट कमलगायत कारणले डढेलो नियन्त्रणमा समस्या हुँदै आएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "वनमा डढेलो लगाउनेलाई नियन्त्रणमा लिएर कारबाही गर्न पनि सकेका छैनौँ, लुकिछिपी डढेलो लगाउँदा पहिचान खुलाउनै गाऱ्हो भइरहेको अवस्था छ ।" उहाँका अनुसार जिल्लाभर छ सय २५ सामुदायिक वन छन् ।

सामुदायिक वनका उपभोक्तालाई डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम भइरहेका छन् । डिभिजन वन कार्यालय र आठ वटा सवडिभिजन कार्यालयमार्फत सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको वन अधिकृत राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार वन डढेलोले कम्तिमा दश प्रतिशत तापक्रम बढाउने गर्दछ ।

डढेलोबाट भुइँमा झरेका रुखको बीउ डढेर उम्रन नपाउने, लाथ्रा अवस्थाको वनमा डढेलो लागेमा रुखमा धोद्रो हुने, डढेलोले वनमा भएको जैविक विविधतामा ह्रास आउने, वन्यजन्तुको वासस्थान विनाश भई त्यसको संरक्षण र विकासमा बाधा पुग्ने, वनमा लागेको आगो नजिकको गाउँघरमा सरी जनधनको क्षति हुनेलगायत जोखिम रहेका वन अधिकृत श्रेष्ठले बताउनुभयो । गर्मी मौसममा बिडी, चुरोट खाएर जथाभावी फाल्नाले, वन्यजन्तु भगाउन तथा नयाँ घाँस उमार्नका लागि आगो लगाउनाले डढेलो झन बढ्दै गएको उहाँको भनाइ छ ।

**वन डढेलो नियन्त्रणका लागि तनहुँमा र्‍यापिड रेस्पोन्स टिम गठन**

वन डढेलो नियन्त्रणलाई प्रभावकारी र द्रुत बनाउन तनहुँमा बहुपक्षीय सहभागितासहित र्‍यापिड रेस्पोन्स टिम (द्रुत प्रतिकार्य टोली) गठन गरिएको छ । डिभिजन वन कार्यालय तनहुँको पहलमा वन, प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा सामुदायिक वन उपभोक्ता महासङ्घका प्रतिनिधिसहित उक्त टोली गठन गरिएको हो ।

वन अधिकृत श्रेष्ठको संयोजकत्वमा गठित समितिको सदस्यहरूमा जिल्ला प्रशासन कार्यालयका कर्मचारी गोपाल पोखरेल, जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक शिव पाठक, सशस्त्र प्रहरी बलका निरीक्षक रामशरण विष्ट, अनुसन्धान अधिकृत रेवन पोखरेल, कालीभञ्जन गण (इ) का सहसेनानी पोखरेन्द्र राना तथा सामुदायिक वन उपभोक्ता महासङ्घ तनहुँका अध्यक्ष विष्णुकुमार श्रेष्ठ रहनुभएको छ ।

टोली गठनसँगै वन डढेलो लाग्ने बित्तिकै तत्कालै घटनास्थलमा पुगेर नियन्त्रण, उद्धार तथा समन्वय कार्यलाई तीव्र बनाउने लक्ष्य राखिएको छ । विशेषगरी सुख्खा मौसममा डढेलोको जोखिम बढ्दै जाने भएकाले पूर्वतयारीस्वरूप यस्तो टोली गठन गरिएको संयोजक श्रेष्ठले बताउनुभयो ।

। सम्पादकीय ।

# सरकार आफ्नो जिम्मेवारीबाट पन्छिन नहुने

सरकारको नेतृत्व गर्ने दलले मिठा भाषण र आकर्षक नारा घन्काउने होइन बहुमत जनतालाई राहत हुने गरी काम गरेर देखाउने हो । विगतका सरकारले गरेका हरेक कुकर्मको अन्त्य यो सरकारले गर्नुपर्छ । नेका, एमाले र माओवादीले गरेकै कुकर्म र अनियमितता अबको सरकारले पनि गर्ने हो भने विगत र आगतको सरकारमा के अन्तर देखाउने ? सरकारले योजनाको लागि नयाँ बजेट बनाउनु र बनाएको योजनामा बजेट खर्च गर्नु महत्त्वपूर्ण कुरा होइन । देशको बजेट त जस्तो सरकार आए पनि खर्च गर्छ । सरकारले बनाएको बजेट कुन वर्गको हितमा के योजना बनाउँछ ? त्यो महत्त्वपूर्ण कुरा हो । सरकारले संविधानमा उल्लेख भएबमोजिम के ८ कक्षासम्म अनिवार्य र १२ कक्षासम्म निःशुल्क शिक्षा व्यवस्था गर्ला ? ज्येष्ठ नागरिकलाई जीवनको सुनिश्चितता, निःशुल्क उपचारको बन्दोबस्त र आदर निकेतनको सुविधाको अधिकार यो सरकारले देला ? उपचारबिना कुनै नागरिक मर्न नपरोस्, खान नपाएर मर्न नपरोस् भन्ने उद्देश्यले सबै नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा र काममामको उचित बन्दोबस्त गर्नेतर्फ सरकार अघि बढ्ला ?

देशमा अहिले पनि म्यानपावरहरूको बिगबिगी छ । महिलालाई विदेशमा लगी बेच्ने, जीउ म्हास्ने, म्यानपावर कम्पनीको नाममा ठगी गर्ने, पैसा असुल्ने र बेपत्ता हुने, झूटो आश्वासन दिई गलत ठाउँमा विवाह गराउने आदि घटना अहिले पनि घटिरहेको छ । भारतीय पक्षबाट लिपुलेक, लिम्पियाधुरा, कालापानी, सुस्तालगायत देशका दर्जनौं स्थानमा नेपाली सीमा मिचेको छ र मिच्ने क्रम चालू छ । सीमा स्तम्भ सार्ने, नेपाली बस्ती उठाउने क्रम रोकेको छैन । नेपाल-भारत सीमा व्यवस्थापन व्यवस्थित छैन । देशका यी यावत् समस्या समाधान गर्न नयाँ सरकार लाग्ला कि नलाग्ला ? कि अब बन्ने सरकारका नेताहरू पनि भारतीय शासकसामु बोल्न डराउँछन् ! नेपालमा विदेशी हस्तक्षेप र समानान्तर अर्थतन्त्रको कारक पक्ष अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू हुन् । ती संस्थाहरूबाट भइरहेको आर्थिक, राजनीतिक र सांस्कृतिक हस्तक्षेपको सरकारले नियन्त्रण गर्नुपर्छ; नियन्त्रण गर्ने प्रक्रिया अघि बढाउनुपर्छ ।

विदेशी पुँजीलाई विकासशील देशहरूको ढोका खोल्न लगाउने नवउदारवादबारे सरकार गम्भीर हुनुपर्छ । खुला सीमाको कारण भारतीय अपराधी र उच्छृङ्खल तत्त्वहरूबाट हुने हत्या, हिंसा, अपहरण, लुटपाट, तस्करी, उत्पात आदि कार्य रोक्न सरकार अघि सर्नुपर्छ । कूटनीतिक बाटोबाट खुला सीमालाई नियमन गर्ने र वैज्ञानिक ढङ्गबाट सीमा व्यवस्थापन गर्ने काम सरकारले अघि बढाउनुपर्छ । स्थानीय तहमार्फत बजेटको ५० प्रतिशत रकम विकास निर्माणमा लगाउने नीति सरकारले ल्याउनुपर्छ । स्थानीय तहमार्फत ५० प्रतिशत बजेट छुट्याइयो भने सन्तुलित विकास गर्ने बाटो खुल्छ । तर, विकासको निम्ति छुट्याउने बजेटमा कुनै अनियमितता गर्नु हुँदैन । गाउँ-ठाउँ र सहर बजारमा विकास फुकेर, विकासको योजना ल्याएर अकुत सम्पत्ति कुम्ल्याउने बाटोमा लम्किन्छ भने त्यसको विरोध हरेक पक्षले गर्नुपर्छ ।

निजीकरणको नाउँमा पुँजीवादी सरकारहरूले अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेका सरकारी उद्योगहरूलाई एक-एक गर्दै विदेशी कम्पनी, विदेशी दलाल र पुँजीपतिहरूलाई हस्तान्तरण गर्दै छन् । यसको कारण सार्वभौम र स्वाधीन देश नेपाल विदेशी एकाधिकार पुँजीको उपनिवेश बन्दै छ । देशका कुनै पनि उद्योग तथा कलकारखाना विदेशी पुँजीपति या व्यापारीको हातमा दिनु उचित होइन । निजी व्यापारले विकास गर्नसक्ने उद्योग सरकारले किन विकास गर्न सकेन ? निजीले फाइदा उठाउन सक्ने उद्योग सरकारले किन फाइदा उठाउन सकेन ? के यतातर्फ अब बन्ने सरकारको ध्यान जाला ? सरकार देशको जिम्मेवारीबाट पन्छिनु हुँदैन । बहुमत प्राप्त सरकारले चाहेमा बन्द भएका, घाटामा परेका भनिएका सबै संस्थान र उद्योगहरू फेरि राम्ररी सञ्चालन गर्न सक्छ । सञ्चालन गरेर देशको आयस्रोत बढाउने र आधारभूत आवश्यकता पूरा गर्नेतर्फ सरकारले पाइला चाल्नुपर्छ ।

दैलेखमा पत्ता लगाइएको ग्यास उत्पादन गर्न सरकार अघि सर्नुपर्छ । यो ग्यास कुनै पनि विदेशी निकाय या कम्पनीलाई सुम्पिने काम गर्नु हुँदैन । सरकारले यसरी नै अन्य खाद्य, खनिज या अन्य स्रोत र साधनको खोजीनीति तथा अनुसन्धान गर्नुपर्छ । देशमा नुन खानी र फलाम खानी छ भने सोको अध्ययन र अनुसन्धान किन नगराउने ? अनुसन्धान र खोजीनीति गरेर पत्ता लगाउने र त्यसलाई प्रशोधन गरी उत्पादन गर्नेतर्फ सरकारको ध्यान पुग्नुपर्छ । हिमालबाट बगेको पानीलाई खानेपानीको रूपमा देशभरि बिक्री वितरण गर्न सकिन्छ । अझ छिमेकी देशहरूमा वितरण गरेर देशको ठुलो आयस्रोत बनाउन सकिन्छ । त्यसरी नै फलाम खानी पत्ता लगाएर देशका लागि आवश्यक कृषि औजार र अन्य सामान उत्पादन गरेर आयस्रोत जुटाउन सकिन्छ । देशलाई आत्मनिर्भर बनाउनेतर्फ सरकारको ध्यान नपुग्दा देश जहिल्यै परनिर्भर या विदेशीको भरमा बस्नुपरेको छ ।

# इरानमा अमेरिकी-इजरायली आतङ्क

✍ बेलेन फर्नान्डिज

मेरो पहिलो इरान भ्रमण थियो त्यो । ‘आतङ्कवादबाट पीडित इरानीहरू’ विषयक सम्मेलनमा सहभागी हुन सन् २०१५ को सेप्टेम्बर महिनामा म राजधानी तेहरान पुगेकी थिएँ । इरानमा सत्तापलट गर्न प्रतिबद्ध मुजाहिद्दीन-ए खल्कले मारेका हजारौँ इरानीहरूदेखि इजरायली गुप्तचर निकाय मोस्सादको साँठगाँठमा मारिएका इरानी वैज्ञानिकहरूसम्म सम्मेलनमा चर्चाका विषय बने ।

वास्तवमा म झुक्किएर सम्मेलनमा पुगेकी थिएँ । मलाई इमेल गरिएको पत्र खासमा जनरल मिर्जा अस्लम बेगलाई पठाइएको रहेछ । गुगल गर्दा थाहा भयो, उनी पाकिस्तानी सुरक्षा निकायका पूर्व प्रमुख रहेछन् ।

आयोजकहरूसँग धेरै बिन्ती बिसाएपछि अन्ततः मैले एउटा निमन्त्रणापत्र हात पारेँ । हतार-हतार इरानी भिजा मिलाएपछि म तेहरान जाने हवाईजहाज चढेँ । अनौठो के भयो भने विमानमा मसँगै थिए स्पेनका एक दक्षिणपन्थी राजनीतिज्ञ । उनी पनि सोही सम्मेलनमा सहभागी हुन इरान जाँदै रहेछन् ।

उनीसँग छोटो कुराकानी भयो । उनले म्याड्रिडमा रहेका इरानी राजदूतलाई आफूलाई एउटा सल्लाह दिएको बताए । आणविक हतियार बनाउनु इरान सरकारको जिम्मेवारी हो भनी आफूले सुझाव दिएको उनले बताए । धर्मलाई आधार बनाएर उनले यो परामर्श दिएका थिए ।

सम्मेलनमा मैले शोरेह पिरानीसँग कुरा गरेँ । उनी इरानी वैज्ञानिक दारिअश रेजाइनेजादकी विधवा पत्नी थिइन् । सन् २०११ मा ३५ वर्षको उमेरमा दारिअशलाई उनकै घरमा गोली ठोकी मारिएको थियो । पिरानी र उनकी चार वर्षकी छोरी त्यो हत्याका साक्षी थिए । हत्यापछि उनीहरू ठुलो मानसिक आघातका शिकार भए । तथापि, पिरानीले आफ्ना पतिको हत्याराप्रति दया लागेको बताइन् । किनभने, यस्ता आतङ्कवादी हमला हतासाबाट जन्मिने उनको तर्क थियो ।

अब आजका घटना केलाऔँ । यो वर्ष फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानविरुद्ध एकदम सनकपूर्ण युद्ध सुरु गरे । यससँगै आतङ्कवादबाट पीडित हुने इरानीहरूको सङ्ख्या अकासिएको छ ।

आक्रमणमा ३ हजारभन्दा बढी इरानीहरूको हत्या भयो । यसमा १४ सय त सर्वसाधारण छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सरकारले नानाथरी बहानाबाजी गरेको छ । इरानको सरकार हटाउन उसले अनेक दलिल अघि सारेको छ । ट्रम्पले बर्बराउँदै इरानी इतिहासको अति नै भावुक तस्बिर कोरे । उनले भने, “तिनीहरू दिक्कलाग्दा छन् । मानसिक रूपमा बिरामी छन् । सिकिस्त छन् । रिसाहा छन् । बौलाहा छन् । तिनीहरू दिक्कलाग्दा छन् ।”



## पश्चिमा भाष्य

इरानमाथि अमेरिका र इजरायलको पहिलो आक्रमणमा स्कूले विद्यार्थीहरू मारिए । मिनाब सहरको आधारभूत पाठशालाका पढ्ने १७० भन्दा बढी विद्यार्थी त्यो आक्रमणको सिकार भए । तीमध्ये धेरै बालिकाहरू थिए । इरानले अमेरिकाका यस्तै स्कूले बालिकाहरू मरेको भए कस्तो भुइँचालो र गर्जन आउने थियो होला ? सोच्न पनि सकिन्न ।

तर, यो नरसंहार इरानमा भएको थियो । अमेरिकी मिडियाहरूले यो घटना लुकाउन हदैसम्मको बल लगाए । अमेरिकाका रुढीवादी नेता म्याट शल्यापको भनाइ सार्वजनिक भएपछि मात्र मिडियालाई यो घटना बाहिर ल्याउन कर लाग्यो । म्याटले तथाकथित ‘आकर्षक’ भनाइ थियो - ‘बुर्का लगाएर बाँच्नुभन्दा’ यी केटीहरू यसरी नै मरेको राम्रो ।

मिनाबमा भएको विभत्स नरहत्याको खबर बाहिर आइसकेको छ । त्यो भन्दा पनि क्रूर हिंसा मच्चाइएको छ । तैपनि, पश्चिमा भाष्य कत्ति पनि फेरिएको छैन । उनीहरूले इरानीहरू नै ‘आतङ्कवादी’ भएको प्रचार गर्दै छन् ।

अमेरिकी अधिकारीहरूले इरानको ‘आतङ्कवादी प्रवृत्ति’ मा बारम्बार जोड दिँदै आएका छन् । यसको लागि उनीहरूले एउटा तथ्यलाई प्रमाणको रूपमा पेस गर्न रुचाउँछन् । इरानमा हुने राजनीतिक प्रदर्शनहरूमा ‘अमेरिका मुर्दावाद’ को नारा लगाइन्छ भन्ने उनीहरूको तर्क छ । मानौँ, अमेरिकी विदेश नीति र साम्राज्यवादविरुद्ध यति भन्नु विश्वभरि विध्वंस र मारकाट गर्दै हिँड्नुभन्दा ठुलो अपराध हो !

भियतनामदेखि अफगानिस्तानसम्म, एल साल्भाडोरदेखि निकारागुआसम्म समकालीन इतिहास अमेरिकाले विध्वंस मच्चाउँदै आएको छ । कतिपय देशमा अमेरिकी सेना आफै विध्वंसमा संलग्न थियो । कतिपय देशमा उसले किसानहरूलाई सोत्तर पार्न लालायित दक्षिणपन्थी सेना र हत्यारा दस्तालाई तालिम, पैसा र हातहतियार दिएको थियो ।

गाजापट्टीमा दुई वर्षसम्म इजरायललाई जातिसंहार गर्न अरबौँ डलर सहयोग र हातहतियार दिने पनि इरान नभई अमेरिका नै हो । आधिकारिक आँकडाअनुसार नै पनि गाजाको जातिसंहारमा ७२ हजार मानिस मारिएका छन् । वास्तविक मृतक सङ्ख्या निश्चय नै यो भन्दा बढी छ ।

ट्रम्पले इरानलाई ‘विश्वको सबैभन्दा ठुलो राज्य प्रायोजित आतङ्क’ भन्दै इरानमाथि बम पड्काइरहेका छन् । तर, उनले आफैलाई ऐनामा हेर्न जरुरी छ । गाजाबाहेक अमेरिकाले लेबननलाई आतङ्कित बनाउन इजरायली प्रम बेन्जामिन नेतन्याहुलाई सघाउँदै छ । इरान युद्धपछि लेबनानमाथि इजरायली आतङ्कले सीमा नाघेको अवस्था छ ।

## सन्त्रासको माहोल

‘ब्रिटानिका’ विश्वकोशले ‘आतङ्कवाद’ को परिभाषा यसरी दिएको छ - जनताबीच सन्त्रासको माहोल फैलाउन र निश्चित राजनीतिक उद्देश्य हासिल गर्न हिंसाको योजनाबद्ध प्रयोग । इरानमा दिनदहाडै बमबारी गरेर पूरै आकाश कालाम्य पार्दै र विष वर्षा गर्दै अमेरिका र इजरायलले जे गरिरहेका छन् त्यो माथिको परिभाषासँग एकदम मिल्छ ।

सन् २०१६ मा मैले इरानको पछिल्लो भ्रमण गरेकी थिएँ । मैले इसफाहान सहरको भव्य वास्तुकलाबीच दुई हप्ता बिताएँ । अहिले त्यो स्थानमा अमेरिका र इजरायलले पागलपूर्ण आक्रमण गर्दै छन् । म अमेरिकी नागरिक हुँ । त्यसैले मैले अलि सरकारी झमेला व्यहोर्नुपर्‍यो । तर, एक इरानी साथीको मद्दत काम लाग्यो । मैले एक दिनका लागि एक सहयोगी गाइड पाएँ ।

मैले अवाक भएर इसफाहानको नाक्श-ए-जहाँ स्क्वायरको चित्ताकर्षक सौन्दर्यपान गरेँ । मैले ‘अमेरिका मुर्दावाद’ लेखिएको पोस्टरसामु फोटो खिचेँ । यसले गर्दा सहरमा मैले थप केही साथी बनाउन सकेँ ।

हादी एक यस्तै साथी थिए । उनी पुस्तक पसले थिए । उनले मलाई हप्ता-हप्तामा लाग्ने पुस्तक मेलामा बोलाए । भूमिगत पार्किङ स्थलमा यो मेला लाग्दो रहेछ । त्यहाँ उनले मलाई जबरजस्ती केही पुस्तक उपहार दिए । ती पुस्तकमध्ये एउटा थियो ‘क्रान्तिबारे हो चि-मिन्ह’ । त्यस्तै, उनले मलाई १३ औँ शताब्दीका फारसी कवि सादी शिराजीको अङ्ग्रेजीमा उल्था गरिएको ठुलै ग्रन्थ पनि दिए । हादी इसफाहानको दक्षिणमा पर्ने सोफेह पहाडको यात्रामा पनि सँगै रहे । त्यो पहाड नहेरी इरान छोड्न पाइन्न भनेर उनले कर गरेकोले म त्यहाँ गएकी थिएँ ।

अर्का साथी हामिद पूर्व भलिबल खेलाडी थिए । उनले मलाई नदी किनारमा पदयात्रामा लगे । उनलाई इरान सरकारसँग उनी मोह थिएन । तैपनि, इरान सरकारले खेलकुदमा खर्च कटौती गर्नुका पछाडि अमेरिकाले लगाएको आर्थिक प्रतिबन्ध दोषी रहेको उनले बताए । त्यही भएर उनको पेशेवर खेलजीवन समाप्त भएको थियो ।

निश्चय पनि इरानमाथि अमेरिकाले चार दशकदेखि लगाउँदै आएको आर्थिक प्रतिबन्धले इरानी जनजीवन नारकीय बनेको छ । कतिपय स्थितिमा यसले जनताको घाँटी समाउन आइपुगेको छ । कतिपय अत्यावश्यक औषधि पाउन मुश्किल छ । यो अमेरिकाको अर्को हतियार हो । इरानविरुद्ध प्रत्यक्ष युद्ध नगर्दा समेत अमेरिका इरानसँग युद्धरत थियो ।

तर, अहिले अमेरिका र उसको अपराधी साझेदार इजरायलले आँखा चिम्लेर इरानमा बमबारी गर्दै छन् । उनीहरूले इरानी बालिकाहरूको नरसंहार मच्चाए । उनीहरूले ‘जनताबिच सन्त्रासको माहोल फैलाउन र निश्चित राजनीतिक उद्देश्य हासिल गर्न हिंसाको योजनाबद्ध प्रयोग’ गर्दै छन् । वास्तविक आतङ्ककारी को हो भनी बोल्न ढिलो नगरौँ ।

*(लेखिका अल जजिरामा आबद्ध विश्लेषक हुन् । स्रोत : मिडल इस्ट आइ । सम्यक)*

# चीनको सच्चाइ र मेलमिलापको आन्दोलन

*(चीनको आधुनिक इतिहासबारे जानकारी राख्न चीनको अफिम युद्ध, चीनको ताइपिङ किसान क्रान्ति, दोस्रो अफिम युद्ध, चीनको सुधार आन्दोलन, चीनको सच्चाइ र मेलमिलापको आन्दोलन (बक्सर विद्रोह), चीनको १९११ को क्रान्ति, ४ मई १९१९ को आन्दोलन, चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना, कोमिनताङ पार्टी र कम्युनिस्ट पार्टीको संयुक्त मोर्चा र सन यात-सेनको मृत्युपछि संयुक्त मोर्चाको विघटन र कोमिनताङको दक्षिणपन्थी पक्षले क्रान्तिलाई विश्वासघात गरेको विषय अध्ययन गर्नु आवश्यक छ ।*

*साम्राज्यवादीहरू र चिनियाँ प्रतिक्रियावादीहरूको गठबन्धनको विरोधमा चीनलाई एक स्वतन्त्र देशको रूपमा उभ्याउन चिनियाँ कम्युनिस्ट पार्टी र मजदुर, किसान, राष्ट्रिय पुँजीपतिवर्ग र अन्य सबै देशभक्तहरूलाई एकगठ गरेर कसरी काम गर्दै गए, के कस्ता विद्रोहहरू भए र योगदान दिए भन्नेबारे जानकारी दिन २०३८ सालको पुस महिनामा काठमाडौँको युवा अध्ययन गोष्ठीले 'चीनका प्रसिद्ध विद्रोहहरू' सम्पादन र प्रकाशन गरेको थियो । सो पुस्तिकामा 'शरद्को बाली काट्ने विद्रोह', '१ अगस्टको नानचाङ विद्रोह', 'नानचाङ विद्रोह र त्यसको ऐतिहासिक महत्त्व', 'क्यान्टन विद्रोह', 'शाङ्घाइका मजदुरहरूको तेस्रो सशस्त्र विद्रोह' र 'क्वाङचाओ विद्रोह' छापिएको थियो । ती लेखहरू 'पेकिङ रिभ्यू' र 'चाइना रिकन्स्ट्रक्सन' बाट उल्था गरिएका थिए । यसबारे जानकारीको निम्ति 'चीनका प्रसिद्ध युद्ध र विद्रोहहरू' पुस्तकबाट फेरि साभार गरिएको छ । -सं)*

*(चीनको आधुनिक इतिहासमा सन् १९०० को 'यि हो त्वान आन्दोलन' (The Yi Ho Tuan Movement of 1900) अर्थात् 'सच्चाइ र मेलमिलापको आन्दोलन' साम्राज्यवाद र सामन्तवादविरोधी एक महत्त्वपूर्ण आन्दोलन हो । त्यसकारण, पश्चिमेलीहरू यस आन्दोलनलाई 'बक्सर विद्रोह' (Boxer Rebellion) र 'बक्सर जागरण' (The Boxer Uprising) भन्थे । 'सच्चाइ र मेलमिलापको समाज' (Society of Righteousness and Harmony), 'सच्चाइ र मेलमिलापको मुठीको समाज' (Society of Righteous and Harmonious Fists) वा चिनियाँ भाषामा यि हो त्वान (Yi Ho Tuan) जस्ता गुप्त सङ्गठनहरूकै नामबाट आन्दोलनको नाम रह्यो ।*

*गाउँ-गाउँका किसान, मजदुर, कालीगड, सिकर्मी, डकर्मी, शिक्षक, पसले, माझी, युवा-युवतीहरूको गुप्त सङ्गठनहरूबाट सुरु भएको आन्दोलनले देशव्यापी रूप लियो । प्राचीन चिनियाँ शारीरिक व्यायाम र कौशलबाट प्रेरित युवा आन्दोलन सशस्त्र सङ्घर्षको उचाइमा पुग्यो ।*

*त्यसबेला चीनको छिङ वंशको दरबार आफै साम्राज्यवादीहरूको आक्रमण र थिचोमिचोको विरोधमा विभाजित थियो । केही दरबारियाहरू ( राजकुमारहरू) साम्राज्यवाद समर्थक थिए भने केही विरोधी थिए । त्यस्तै, चीन सरकारका अञ्चलाधीशहरू वा गभर्नरहरू, सेना र माथिल्ला प्रशासकहरू पनि साम्राज्यवादविरोधी र आन्दोलनविरोधी थिए । दरबार र सरकार कहिले आन्दोलनको पक्षमा देखिन्थे भने कहिले साम्राज्यवादीहरूको पक्षमा देखिन्थे । यसरी सामन्ती सरकारले दोहोरो चरित्र देखाउँथ्यो ।*

*तर, सामन्ती प्रतिक्रियावादीहरू अन्तत: साम्राज्यवादीहरूलाई नै सहयोग पुर्‍याई देश र जनताको विरोधमा गए । त्यसकारण, चिनियाँ जनताले सामन्ती सरकारलाई साम्राज्यवादी दलालको रूपमै लिए । -सं.)*

**आन्दोलनको कारण**

असमान सन्धिहरूको फाइदा उठाउँदै साम्राज्यवादीहरूले आ-आफ्ना धर्म प्रचार गर्ने संस्थाहरू (Missionaries) ले धर्म प्रचार गर्ने र चर्च बनाउने नाममा चिनियाँहरूलाई धर्म परिवर्तन गराउने, प्राकृतिक स्रोत र साधनहरूको खोजबिन गराउने, गुप्तचरी गराउने, चीनको आन्तरिक मामलामा हस्तक्षेप गराउने, स्थानीय सरकारी अधिकारीहरूलाई तिनीहरूको आज्ञापालन गर्न लगाउने, स्थानीय गुण्डा, हुल्याहा र डाँकुहरू एवं स्थानीय कर्मचारीहरूलाई हातमा लिएर किसानहरूको भूमि हत्याउने काम गर्दै गए । किसानहरूलाई मुद्दा-मामलामा फसाइ अदालतबाटै बिनामुआब्जा भूमिहीन बनाउँदै धर्म परिवर्तन गरेकाहरूलाई अगाडि सार्दै विदेशीहरूले समाजमा झगडाको बीउ छर्दै गए ।

१८९४ मा चीन-जापान युद्धमा शान्तुङ ( Shantung) प्रान्तका जनताले धेरै क्षति भोगे तथा चीनको ठुलो इलाका जापानले कब्जा गर्‍यो । लियाओटुङ (Liaotung) प्राय: द्वीप, थाइवान र पेङ्हु (Penghu) टापुहरू जापानको अधीनमा गयो र शान्सि, चुङकिङ, सूचाओ र हान्को बन्दरगाह सबै विदेशीको निम्ति खुला गराइयो । त्यस्तै, जर्मनीले पनि कियाओचो (Kiaochow) खाडी कब्जा गर्‍यो र कियाओचो-सिनान (Tsinan) रेलवेको दुवैतिरको क्षेत्र कब्जा गर्‍यो । त्यस कार्यले शान्तुङका जनता सार्‍है आक्रोशित भए । त्यसमाथि धर्मको आवरणमा चीनको प्राकृतिक स्रोत साधनहरूको दोहन चर्काउँदै सशस्त्र धर्म प्रचारकहरूले चिनियाँ जनतालाई दबाउँदा शान्तुङ प्रान्तका जनतामा बदलाको भावना बढ्दै गयो ।

**आन्दोलन सुरू**

अफिम युद्ध, ताइपिङ किसान क्रान्ति, १८८९ को सुधार आन्दोलनभन्दा पहिले चीनको विभिन्न प्रान्तहरूको गाउँ र जिल्लाहरूमा अनेक गुप्त संस्थाहरू थिए । ती संस्थाहरू छिङ सरकारको अत्याचार र विदेशी आक्रमणहरूको विरोधमा सशस्त्र सङ्घर्ष गर्थे । विदेशी आक्रामकहरूले धर्मको नाममा फेरि चीन र चिनियाँ जनतामाथि अत्याचार गर्न थालेपछि ठाउँ-ठाउँमा जनता पुन: स्वयम्स्फूर्त रूपले सङ्गठित हुन थाले ।

शान्तु प्रान्त जापान र जर्मनी आक्रमणबाट बढी आक्रान्त भएको हुँदा छिङ सरकार र ती विदेशीहरूको विरोधमा 'सच्चाइ र मेलमिलापको सङ्घ' हरू स्थापना गर्दै सङघर्षमा उत्रे । चिनियाँ भाषामा त्यसलाई यि हो त्वान आन्दोलन (Yi Ho Tuan Movement) भनियो । ती गुप्त सङ्गठनहरूमा किसान, कालीगड, डकर्मी, शिल्पकार, मजदुर, गाउँले बुद्धिजीवी आदि सामेल थिए । तिनीहरू रिसले सरकारी कर्मचारीहरू र विदेशी धर्म प्रचारक र अन्य विदेशीहरूमाथि आक्रमण गर्थे । अकर्मण्य सरकारको रिस जनताले कर्मचारीमाथि पोख्थे र साम्राज्यवादी देशहरूको रिस क्राइश्चेली धर्म प्रचारकहरू र विदेशी पर्यटकहरूलाई समेत पोख्थे ।

तिनीहरूले चिनियाँ मुक्केबाज (Boxing), युद्धकला र पुराना हातहतियारसमेत प्रयोग गर्थे । यसकारण, विदेशीहरू त्यस आन्दोलनलाई मुक्केबाजहरूको आन्दोलन (Boxer Movement) पनि भन्थे । छिङ सरकार आफै विदेशीहरूबाट प्रयोग गरिएका नालायक, आत्मसमर्पणवादी र भ्रष्टहरूबाट आक्रान्त भएको हुनाले एक मुक्का छिङ सरकारको विरोधमा र अर्को मुक्का साम्राज्यवादीहरूको विरोधमा भन्ने नारा जनताले दिए ।


चीनको शान्तुङ (Shantung) प्रान्तमा मात्रै १,००० वटा चर्च र ८० हजार धर्म प्रचारक दल र धर्म परिवर्तन गरेकाहरू बनिसकेका थिए । मुख्य-मुख्य सहर र गाउँगाउँसम्म तिनीहरू पुगे । साम्राज्यवादीहरूले रेलको बाटो बनाउँदा, समुद्र किनारामा जहाज चलाउँदा र नहरहरू कमजोर पर्दा माझीहरू, जहाजीहरू, स-साना व्यापारी, झोले व्यापारी र नाङ्ले पसलेहरूको रोजगारी गुम्यो । भ्रष्ट सरकार र कर्मचारीहरूले नहरको मर्मत सम्भार नगर्दा, पहेँलो नदीमा बाढी आई ठुलो जन-धनको क्षति र भोकमरी हुन्थ्यो ।

**आन्दोलनका सङ्गठनहरू**

चर्च र विदेशी धर्म प्रचारकहरूको विरोधमा 'ठुलो तरबारको समाज' (Ta Tao Hui) 'सच्चाइ र मेलमिलापको मुठ्ठीको समाज' (Yo Ho Chuan), अर्थात् यि हो त्वानको सुरुको गुप्त सङ्गठन 'रातो लालटिन' (Hung Teng Chao), 'निलो लालटिन' (Lan Teng Chao) जस्ता गुप्त केटा र केटीहरूको सङ्गठनहरू सक्रिय भए । तिनीहरू स्थानीय मठ, मन्दिर, विहार र गुम्बाहरूमा सङ्गठित थिए । ती सङ्गठनहरूको प्रभाव शान्तुङबाट चिहलि वा होपेई (Hopei) र होनान (Honan) प्रान्तमा समेत फैलियो ।

यि हो त्वान अर्थात् 'सच्चाइ र मेलमिलाप आन्दोलन' का एक माथिल्लो नेता चु हुङ-तुङ ( Chu Hung Tung) अगाडि आए । पुरानो वैद्यको रूपमा काम गर्ने च हुश-तुङ मुक्का र चिनियाँ शारीरिक युद्धकलाबाट अगाडि बढेका थिए । साम्राज्यवादविरोधी साहस र दृढ सङ्घर्षबाट उनी लोकप्रिय भए ।

साम्राज्यवादीहरूको दबाबमा त्यस आन्दोलनलाई दबाउन मार्च १८९९ मा शान्तुङ प्रान्तका गभर्नर चाङ चु-मेइ (Chang Ju–Mei) लाई बर्खास्त गरी निर्दयी र कसाही स्वभावका यु सिन (Yu Hsin) जस्ता व्यक्ति गभर्नर नियुक्त भए । उसले पनि जनतालाई पूरा दबाउन नसक्दा अर्को साम्राज्यवादी दलाल युआन शिह-काई (Yuan Shih–Kai) शान्तुङ प्रान्तका गभर्नर भयो । उसलाई ७ हजार सिपाहीको 'नयाँ सेना' ले दबाउन खोज्यो, तर सकेन । उसले २० हजार सिपाहीको २० बटालियन सेना बनायो । देशी र विदेशी संयुक्त सैनिक हमलाको कारण आन्दोलनकारीहरू चिहली वा होपेई (Hopei) प्रान्तमा सन् १९०० को




वसन्तमा गुप्तरूपले पुगे ।

**विदेशी सामान बहिष्कार**

सन् १९०० मा यि हो त्वानका सदस्यहरू शान्तुङ (Shantung) प्रान्तबाट चिहली ( Chihli) अर्थात् आजको होपेई (Hopei) मा पुगे । २७ मईको दिन दक्षिण पेचिङमा १० हजार आन्दोलनकारीले गभर्नर याङ फु तुङ ( Yang Fun–Tung) लाई दबाउन आएका जनरलहरूलाई धापमा पारे । रेलका बाटाहरूमा हमला गरे, देशलाई विश्वासघात गर्ने, जनतालाई विनाश ल्याउने र चीनलाई लज्जित पार्ने सन्धिहरू गर्ने माथिल्ला कर्मचारीहरूलाई घृणा गर्ने ठुलठुला कागजहरू टाँस्थे र नारा लगाउँथे । विदेशीहरूसँग भित्रभित्र मिल्ने विश्वासघाती अधिकारीहरूलाई उदाङ्ग्याउँथे ।

विदेशीसँग मिली आन्दोलनलाई विरोध र बदनाम गर्ने पुराना सुधारवादी 'राष्ट्रिय समाचारपत्र' (Kuo Wen Pao) लाई जापानको सहयोगमा लेख्ने कलमहरू होसियार हुनु नत्र बिना कुनै माया-दया ध्वस्त गर्ने चेतावनी दिइयो ।

सडकमा मट्टीतेलले बल्ने लालटीन, विदेशी सामान, औषधि बहिष्कार गरे । चर्चहरू, रेलका बाटाहरू, बिजुलीका तारहरू, लट्ठा, भापले चल्ने जहाज, विदेशी वस्तुहरूलाई प्रहारका तारो बनाइए । विदेशी सामानमाथि घृणा र प्रहारको कारण जारकालीन रुसले चिनियाँ जनतामाथि भन्सार र करहरू घटायो वा कर लगाउन छोड्यो ।

विदेशीहरूले जनतालाई अमली बनाउन ल्याइएका अफिम जफत गरिए र त्यस्ता सामान ओसार-पसार गर्ने बन्दरगाहहरू कब्जा गरे । इनारमा विष हाल्ने, केटाकेटी अपहरण गर्ने र विकलाङ बताउने विदेशी दलालहरू पक्राउ परे ।

यि हो त्वान आन्दोलन र विदेशी साम्राज्यवाद दुवै शक्तिसँग लड्न नसक्ने हुँदा छिङ सरकारले साम्राज्यवादीहरूको दबाबबाट जोगिन आन्दोलनभित्र आफ्ना मानिसहरू घुसाए । साम्राज्यवादलाई बाहिरी ढङ्गले मात्र बुझेका आन्दोलनकारीहरूलाई तोप र बन्दुक बोकेका शक्तिशाली साम्राज्यवादीहरूलाई मुक्का, डण्डा, भाला र गँडासाले हराउन नसक्नेबारे बताए । दरबारियाहरूकै सहयोग र इसारामा केही महत्त्वपूर्ण विदेशीहरूलाई पनि आन्दोलनकारीहरूले निशाना बनाए ।

**आन्दोलन फैलिँदै गयो**

शान्सि (Shansi) प्रान्तमा पनि आन्दोलनकारीहरूले विदेशीहरूको रेलका बिसौनी कार्यालय, भवन, खानी र व्यापार केन्द्रहरू ध्वस्त पारे । त्यहाँको टाइयान महानगर (Taiyan City) मा २७ जूनको दिन प्रदर्शनकारीहरूले चर्चमा हमला गर्दा त्यस भवनबाट हानेको गोलीले चारजना प्रदर्शनकारी मारिए । जनता झन् आक्रोशित भए तथा चर्चका केन्द्र (Catholic Cathedra) हरूमा समेत हमला गरियो । आन्दोलन भित्री मङ्गोलिया र अरु प्रान्तमा समेत फैलियो । १९०० जुलाई र अगस्टसम्ममा आन्दोलन कियाङसु (Kiangsu), आन्ह्वे (Anhwei), हुपेह (Hupeh), कियाङसी (Kiangsi), फुकीन ( Fukien), क्वाङसी (Kwangsi), शेन्सी ( Shensi) र कान्सु (Kansu) प्रान्तमा समेत पुग्यो ।

**आठ साम्राज्यवादी देशहरूको हमला**

साम्राज्यवादीहरू आपसमा कपट र झगडा पनि गर्थे तर उपनिवेश कब्जा गर्नमा तत्काल भागबन्डा मिलाउन एक पनि हुन्थे । चीनको यि हो त्वान आन्दोलनमा साम्राज्यवादीहरू कमजोर भएको र हारेको थाहा पाए, पर्सिया र मध्य एसियामा समेत उपनिवेशवाद कमजोर हुने थाहा पाएर बेलायत, संरा अमेरिका, फ्रान्स, जर्मनी, रुस, जापान, इटाली र अस्ट्रिया, हङगेरी एक भई चीनमाथि हमला गरे ।

मई र जून महिनाको सुरुमा युद्धपोत र सेनाको तयारी गरियो र १६ जून १९०० को दिन समुद्र किनाराको ताकु किल्लामाथि साम्राज्यवादीहरूले हमला गरे । तिनीहरूले किल्लाको कमान्डर लो जुङ काङले आत्मसमर्पण नगर्दा १७ जूनको बिहान किल्लामा आगो लगाए, रसद पानी-रोके, चौतर्फी हमला गरे र हत्याकाण्ड मच्चाए ।

चिनियाँ जनता र साम्राज्यवादीहरूबिचको विरोधलाई मुख्य सम्झेर आन्दोलनकारी नेता चु हुङ-तेङले 'छिङ वंशलाई माथि उचाल र विदेशीहरूलाई सिध्याऊ' भन्ने नारा लगाए । अब आन्दोलन साधारण जनताको होइन भनी निहुँ खोजेका बेलायत, संरा अमेरिका, जापान, जर्मनी, रुस, फ्रान्स, इटाली र अस्ट्रिया-हङ्गेरियाली साम्राज्यवादीहरूले संयुक्त रूपले थेनसिन हुँदै पेचिङमा हमला गरे । विधवा साम्राज्ञी टु सी पेचिङ छोडी सियान भागिन् ।

साम्राज्यवादीहरूले पेचिङमा हमला गर्दा असङ्ख्य पुस्तक, चित्र, अमूल्य ऐतिहासिक दस्ताबेज र स्मारक एवं चिह्नहरू लुटपाट गरे । सेप्टेम्बर १९०१ मा विधवा साम्राज्ञीले सियानबाटै लि हुङ-चाङलाई सर्वाधिकार सम्पन्न राजदूत बनाई साम्राज्यवादीहरूसँग सम्झौता गर्न पठाइन् । साम्राज्यवादीहरूले आन्दोलनकारीहरूको टाउको, ४५ करोड चाँदीको मुद्रा हर्जना र ९८ करोड चाँदीको टायल वा मुद्रा ब्याज मागे । साथै तिनीहरूले टाकु किल्ला ध्वस्त गर्न तथा थप दुई करोड चाँदीको मुद्रा वार्षिक जरिवाना गरे, चिनियाँ जनतालाई दरिद्र पार्नुको साथै चीनको सार्वभौम अधिकारहरूलाई कुण्ठित पारी देशलाई एक अर्ध-उपनिवेश र अर्ध-सामन्ती राज्यमा पतन गराए ।

'सच्चाइ र मेलमिलाप' को देशभक्तिपूर्ण आन्दोलनलाई छिङ सरकारले आफ्नो गद्दीको निम्ति

बाँकी पृष्ठ ७ मा

सच्चाइ र मेलमिलाप आन्दोलनका नेता स्याओ फु-तियन





सच्चाइ र मेलमिलाप आन्दोलनको झण्डा



इरानको राजधानी तेहरानको एक नगरमा बुल्डोजरको सहायताले इजरायली–अमेरिकी हवाइ मिसाइल हमलामा क्षतिग्रस्त भएको एक नागरिक आवास भवनको भग्नावशेष हटाएर हताहत भएकाहरूको शव खोजी गर्दै इरानी रेड क्रेसेन्टसम्बद्ध उद्धारकर्मीहरू मार्च २३, २०२६ का दिन ।

*तस्बिर : एपी/ वाहिद सलेमी*

# टोङ्गा नजिक ७.६ म्याग्निच्युडको भूकम्प

वेलिङ्टन, २४ मार्च (एपी) । दक्षिण प्रशान्त महासागरको टोङ्गा नजिकै शक्तिशाली भूकम्प गएपछि स्थानीय प्रशासनले तटीय क्षेत्र खाली गराउन चेतावनी जारी गरेको छ । ७.६ म्याग्निच्युडको यो भूकम्पले क्षेत्रीय रूपमा त्रास फैलाए पनि हालसम्म ठुलो क्षति वा सुनामीको खतरा नदेखिएको जनाइएको छ ।

अमेरिकी भूगर्भ सर्वेक्षण (युनाइटेड स्टेट्स जियोलोजिकल सर्भे) का अनुसार भूकम्प मङ्गलबार साँझ स्थानीय समयअनुसार करिब २३७ किलोमिटर गहिराइमा गएको हो । सामान्यतया सतही भूकम्प बढी महसुस हुने भए पनि यस भूकम्पको गहिराइ बढी भएकाले सतहमा प्रभाव केही सीमित भएको अनुमान गरिएको छ ।

भूकम्पको केन्द्र टोङ्गाको दोस्रो ठुलो सहर नियाफुबाट करिब १५३ किलोमिटर पश्चिम समुद्रमा रहेको बताइएको छ । प्रारम्भिक विवरणअनुसार कुनै ठुलो क्षति वा मानवीय हताहतको पुष्टि भएको छैन ।

टोङ्गाको राष्ट्रिय विपद् जोखिम व्यवस्थापन कार्यालयले तल्लो तटीय क्षेत्रका बासिन्दालाई तुरुन्तै उच्च स्थान वा भित्री भागमा सर्न निर्देशन दिएको छ । कार्यालयले समुद्र तट, किनार क्षेत्र र न्यून उचाइका स्थानहरूबाट टाढा रहन आग्रह गरेको छ र स्थिति सामान्य नभएसम्म सतर्क रहन भनेको छ ।

यद्यपि, अमेरिकी भूगर्भ सर्वेक्षणले यस भूकम्पपछि सुनामीको औपचारिक चेतावनी जारी गरेको छैन । हवाईस्थित प्यासिफिक सुनामी चेतावनी केन्द्रले पनि भूकम्प गहिराइमा भएकाले सुनामीको जोखिम नरहेको जनाएको छ ।

टोङ्गा पोलिनेसियामा अवस्थित एक द्वीपसमूह हो । यहाँ १७१ टापुहरू रहेका छन् र एक लाखभन्दा बढी जनसङ्ख्या बसोबास गर्छ । अधिकांश मानिसहरू मुख्य टापु टोङ्गाटापुमा बस्छन् । मङ्गलबारको भूकम्प भने भाभाउ टापु समूह नजिक केन्द्रित भएको थियो ।

टोङ्गाटापुको नुकुआलोफा सहरस्थित तानोआ इन्टरनेसनल डेटलाइन होटलमा रहेका एक व्यक्तिले भूकम्पका कारण भवन हल्लिएको अनुभव भएको तर अन्य क्षति नभएको जानकारी दिनुभयो । “पूरै भवन हल्लिएको थियो, तर सबै सुरक्षित छन्,” उहाँले भन्नुभयो ।

प्रहरीले तत्काल औपचारिक प्रतिक्रिया दिएको छैन भने विस्तृत मूल्याङ्कन अझै जारी रहेको जनाइएको छ ।

टोङ्गा ‘प्यासिफिक रिङ अफ फायर’ क्षेत्रमा पर्छ, जहाँ विश्वका अधिकांश भूकम्प र ज्वालामुखी गतिविधि हुने गर्छन् । सन् २०२२ मा यहाँ भएको ज्वालामुखी विस्फोटपछि आएको सुनामीका कारण तीन जनाको मृत्यु भएको थियो ।

न्युजिल्यान्डबाट करिब एक हजार ८०० किलोमिटर उत्तरपूर्वमा रहेको टोङ्गा नजिकको यस भूकम्पपछि न्युजिल्यान्डको विपद् व्यवस्थापन निकायले आफ्नो देशमा भने कुनै सुनामी जोखिम नरहेको स्पष्ट पारेको छ ।

# इरान–इजरायल तनाव थप चर्कियो

तेहरान, २४ मार्च (एएफपी) । मध्यपूर्वमा युद्धविरामको सम्भावना झल्किएको केही घण्टामै इरानले इजरायलमाथि नयाँ क्षेप्यास्त्र प्रहार गरेपछि क्षेत्रीय तनाव फेरि तीव्र बनेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ‘धेरै राम्रो’ वार्ता भइरहेको दाबी गरेका भए पनि तेहरानले औपचारिक रूपमा कुनै संवाद नरहेको स्पष्ट पारेको छ ।

ट्रम्पले इरानसँग युद्ध अन्त्यका लागि गोप्य वार्ता भइरहेको उल्लेख गर्दै पाँच दिनभित्र सहमति नभए कडा सैन्य कदम चालिने चेतावनी दिएका थिए । उनको उक्त अभिव्यक्तिले विश्व बजारमा सकारात्मक सङ्केत देखिएको थियो भने तेलको मूल्यमा पनि गिरावट आएको थियो । तर, इरानले भने यस्तो दाबी अस्वीकार गर्दै यसलाई बजारमा प्रभाव पार्ने प्रयासका रूपमा व्याख्या गरेको छ ।

अमेरिकी पक्षले इरानका उच्च तहका नेतासँग संवाद भइरहेको जनाएको थियो । केही सञ्चारमाध्यमले इरानी संसद्का सभामुख मोहम्मद बाघेर गालिबाफलाई वार्ताको प्रमुख पात्रका रूपमा उल्लेख गरेका थिए । साथै अमेरिकी प्रतिनिधिहरू स्टिभ विटकफ र जारेड कुशनरले पाकिस्तानमा सम्भावित भेटवार्ता गर्न सक्ने चर्चा पनि गरिएको छ ।

यसैबिच, पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफले इरानी राष्ट्रपति मसुद पेजेस्कियानसँग संवाद गर्दै क्षेत्रीय शान्तिका लागि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ । तर इरानका अधिकारीहरूले प्रत्यक्ष वार्ता नभएको दोहोऱ्याइरहेका छन् ।

इजरायलतर्फ भने प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले अमेरिकासँग सहमति सम्भव भएको सङ्केत पाए पनि आफ्नो देशको सुरक्षाका लागि इरान र लेबनानमा ‘सैन्य कारबाही’ जारी रहने बताएका छन् । उनका अनुसार हालको सैन्य उपलब्धिलाई कूटनीतिक अवसरमा रूपान्तरण गर्न सकिने अवस्था देखिएको छ ।

मङ्गलबार बिहान इरानी सरकारी सञ्चारमाध्यमहरूले इजरायलमाथि नयाँ क्षेप्यास्त्र आक्रमण भएको जानकारी दिएका छन् । इजरायलको उत्तर क्षेत्रमा केही संरचनामा क्षति पुगेको भए पनि मानवीय क्षति नभएको जनाइएको छ । उता, लेबनानमा इजरायलले दक्षिण बेरुतमा लगातार हवाई आक्रमण गरेको विवरण सार्वजनिक भएको छ ।

यसअघि राष्ट्रपति ट्रम्पले इरानको ऊर्जा पूर्वाधारमाथि आक्रमण गर्ने चेतावनी दिएका थिए । तर, सम्भावित प्रतिशोधको जोखिमलाई ध्यानमा राख्दै उनी पछि हटेको विश्लेषकहरूले बताएका छन् । क्षेत्रीय ऊर्जा आपूर्ति र जलडमरूमध्यमा आवागमन अवरुद्ध हुँदा विश्व अर्थतन्त्रमा गम्भीर असर पर्ने चिन्ता बढ्दै गएको छ ।

इरानले स्ट्रेट अफ होर्मुजमार्फत हुने तेल आपूर्ति प्रभावित पारेपछि विश्व बजारमा अस्थिरता देखिएको छ । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका प्रमुखले यस्तो अवस्था लम्बिँदा ऐतिहासिक ऊर्जा सङ्कट निम्तिन सक्ने चेतावनी दिनुभएको छ । हाल तेलको मूल्य उच्च विन्दुमा पुगेपछि ट्रम्पको वार्ता दाबीले केही राहत दिएको देखिएको छ ।

युद्ध विस्तारसँगै लेबनानमा इजरायलको स्थलगत अभियान पनि तीव्र बनेको छ । इजरायलले इरान समर्थित हिजबुल्लाहविरुद्ध कारबाही बढाएको छ भने हजारौँ मानिस प्रभावित भएका छन् । उपलब्ध विवरणअनुसार, द्वन्द्वमा हजारौँको ज्यान गइसकेको छ, तर स्वतन्त्र रूपमा तथ्य पुष्टि गर्न कठिन रहेको बताइएको छ ।

समग्रमा, कूटनीतिक संवादको चर्चा चलिरहे पनि मैदानमा सैन्य गतिविधि नरोकिनुले मध्यपूर्वमा द्वन्द्व झन् जटिल बन्दै गएको सङ्केत गरेको छ ।

# कोलम्बियामा सैन्य विमान दुर्घटना ६६ को मृत्यु

बोगोटा, २४ मार्च (एपी) । कोलम्बियाको दुर्गम अमेजन क्षेत्र पोर्टो लेगुइजामो नजिकै भएको सैन्य यातायात विमान दुर्घटनाले देशलाई गहिरो शोकमा डुबाएको छ । एक सय २८ जना सवार रहेको विमान उडेको केही समयमै दुर्घटनाग्रस्त हुँदा कम्तीमा ६६ जनाको मृत्यु भएको पुष्टि गरिएको छ भने दर्जनौँ घाइते भएका छन् ।

कोलम्बियाका सशस्त्र बल प्रमुख ह्युगो अलेजान्द्रो लोपेज ब्यारेटोले दुर्घटनामा ६६ जना सैनिकको ज्यान गएको जानकारी दिनुभयो । उहाँका अनुसार अझै चार जना सैनिक बेपत्ता रहेका छन् । “यो अत्यन्त दुःखद घटना हो, जसले हाम्रो सेनामा ठुलो क्षति पुऱ्याएको छ,” उहाँले भन्नुभयो ।

उहाँले प्रारम्भिक अनुसन्धानका आधारमा यो घटना कुनै अवैध सशस्त्र समूहको आक्रमणका कारण भएको देखिँदैन भन्दै त्यस्तो कुनै सङ्केत हालसम्म नदेखिएको स्पष्ट पार्नुभयो ।

दुर्घटनास्थल पोर्टो लेगुइजामो, पुतुमायो प्रान्तमा पर्छ । यो इक्वेडर र पेरुको सीमासँग जोडिएको दुर्गम अमेजन क्षेत्र हो । स्थानीय उपमेयर कार्लोस क्लारोसले मृतकहरूको शव सानो सहरको शवगृहमा राखिएको र सीमित स्वास्थ्य पूर्वाधारका कारण घाइतेहरूलाई प्राथमिक उपचारपछि ठुला सहरतर्फ पठाइएको बताउनुभयो । उहाँले स्थानीय बासिन्दाहरूले उद्धारमा सक्रिय सहयोग गरेको भन्दै आभार व्यक्त गर्नुभयो ।

कोलम्बियाका रक्षामन्त्री पेद्रो सान्चेजले दुर्घटनाग्रस्त विमानले पुतुमायोको अर्को क्षेत्रमा सेना लैजाँदै गरेको जानकारी दिनुभयो । विमानमा ११५ जना सैनिक, ११ जना चालक दलका सदस्य र दुई जना राष्ट्रिय प्रहरी सवार थिए । दुर्घटनापछि ५७ जनालाई जीवितै उद्धार गरिएको बताइएको छ ।

दुर्घटनापछि सार्वजनिक भएका तस्बिर र भिडियोहरूमा दुर्घटनास्थलबाट बाक्लो कालो धुवाँ उठिरहेको देखिन्छ भने सैनिकहरू र स्थानीय बासिन्दाहरू उद्धार तथा आगो निभाउने प्रयासमा जुटेको दृश्य देखिन्छ । केही घाइतेहरूलाई मोटरसाइकलमार्फत हतारमा सुरक्षित स्थानतर्फ सारिएको थियो ।

कोलम्बियाको वायु सेनाका कमान्डर कार्लोस फर्नान्डो सिल्भाले दुर्घटनाको कारणबारे अझै स्पष्ट हुन नसकेको बताउनुभयो । उहाँका अनुसार विमानमा प्राविधिक समस्या आएको र विमानस्थलबाट करिब दुई किलोमिटर टाढा खसेको हो । घाइतेहरूको उद्धारका लागि विशेष विमानमार्फत राजधानी बोगोटा लगायतका अस्पतालहरूमा सारिएको छ ।

दुर्घटनालाई लिएर राष्ट्रपति गुस्ताभो पेट्रोले सैन्य उपकरणको आधुनिकीकरण आवश्यक रहेको पुनः जोड दिनुभयो । उहाँले प्रशासनिक कमजोरी र ढिलासुस्तीका कारण सुधारका प्रयासहरू अवरुद्ध भएको उल्लेख गर्दै जिम्मेवार अधिकारीलाई जवाफदेही बनाउनुपर्ने सङ्केत गर्नुभयो ।

यद्यपि, विपक्षीहरूले भने बजेट कटौतीका कारण सैन्य उडान समय घट्दा अनुभवहीन चालक दलका सदस्यहरू बढेको र त्यसले जोखिम बढाएको तर्क गरेका छन् ।

उड्डयन तथा सैन्य विश्लेषक एरिक सौमेथका अनुसार दुर्घटनाग्रस्त ‘हकुलुलस सी-१३०’ विमान सन् २०२० मा अमेरिकाले कोलम्बियालाई उपलब्ध गराएको थियो र त्यसपछि यसको विस्तृत मर्मतसम्भार पनि गरिएको थियो । उहाँले विमानमा प्रयोग गरिएका उपकरण वा पाट्र्सको कमीका कारण दुर्घटना भएको सम्भावना कम रहेको बताउँदै इन्जिन किन उडानपछि छिट्टै असफल भयो भन्नेबारे अनुसन्धानले स्पष्ट पार्नुपर्ने उल्लेख गर्नुभयो ।

रक्षामन्त्री सान्चेजले पनि दुर्घटनास्थल नजिक सक्रिय विद्रोही समूहको संलग्नताको कुनै प्रमाण नभएको बताउनुभयो । उहाँले यस घटनालाई ‘राष्ट्रका लागि गहिरो पीडादायी’ भन्दै पीडित परिवारप्रति समवेदना व्यक्त गर्नुभयो ।

यो दुर्घटनाले कोलम्बियाको सुरक्षा संयन्त्र, सैन्य तयारी र पूर्वाधारमाथि गम्भीर प्रश्न उठाएको छ भने देशभर शोकको वातावरण सिर्जना गरेको छ ।

भक्तपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर-२

विद्यालय स्थानान्तरणको दाबी विरोधसम्बन्धी ३५ दिने सूचना

(सूचना प्रकाशित मिति २०८२।१२।११)

भक्तपुर नगरपालिका वडा न. १ इतापाकोमा सञ्चालनमा रहेको हिमालयन एकेडेमी बोर्डिङ स्कूलले विशेष कारण सो स्थानबाट स्थानान्तरण भई भक्तपुर नगरपालिका वडा नं. २ इटाछेँमा रहेको आफ्नै भवनमा स्थानान्तरणका लागि सम्बन्धित विद्यालयको नियमानुसार स्वीकृतसहित आवश्यक सिफारिस गरिदिन यस कार्यालयमा निवेदन पर्न आएको हुँदा स्थानान्तरण गर्न नमिल्ने कुनै कारण भएमा दाबी विरोधसहित ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा निवेदन पेस गर्नहुन यो सूचना प्रकाशन गरिएको छ । तोकिएको समयभित्र कुनै दाबी विरोध नआएमा सोहीअनुसार भइजाने व्यहोरा सूचित गरिन्छ ।

भक्तपुर नगरपालिका
नगर शिक्षा शाखा
ब्यासी, भक्तपुर-२, फोन न. ०१-६६१०११६

भक्तपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर-२

विद्यालय स्थानान्तरणको दाबी विरोधसम्बन्धी ३५ दिने सूचना

(सूचना प्रकाशित मिति २०८२।१२।११)

भक्तपुर नगरपालिका वडा न. १० कमलविनायकमा सञ्चालनमा रहेको भक्तपुर रोम्बस सेकेन्डरी स्कूलले विशेष कारण सो स्थानबाट स्थानान्तरण गरी चाँगुनारायण नगरपालिका वडा नं. ७ चोखामा विद्यालय सञ्चालन गर्न पाउँ भनी उक्त विद्यालयले नियमानुसार स्वीकृतीसहित आवश्यक सिफारिसका लागि यस कार्यालयमा निवेदन पेस गरेको हुँदा स्थानान्तरण गर्न नमिल्ने कुनै कारण भएमा दाबी विरोधसहित ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा निवेदन पेस गर्नहुन यो सूचना प्रकाशन गरिएको छ । तोकिएको समयभित्र कुनै दाबी विरोध नआएमा सोहीअनुसार भइजाने व्यहोरा सूचित गरिन्छ ।

भक्तपुर नगरपालिका
नगर शिक्षा शाखा
ब्यासी, भक्तपुर-२, फोन न. ०१-६६१०११६

# क्षयरोगमा स्थानीय तहका स्वास्थ्यकर्मीहरूको भूमिका

● अनुज मिश्र, जनस्वास्थ्य निरीक्षक

वि.सं. २०७४ सालमा स्थायी नियुक्ति लिएसँगै सरकारी सेवामा स्वास्थ्यकर्मीका रूपमा प्रवेश गर्दासम्म मलाई क्षयरोग भनेको Mycobacterium tuberculosis नामक जीवाणुबाट मानिसमा लाग्ने एक प्राणघातक सरुवा रोग हो भन्ने मात्र थाहा थियो । यो रोग थुकका छिट्टा (ड्रपलेट) मार्फत एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्छ भन्ने ज्ञान किताबमा सीमित थियो ।

जब एक स्वास्थ्यकर्मीले स्थानीय स्तरमा रोगको निदान, उपचार र रोकथामका उपायहरूमा काम गर्दै जान्छ, तब मात्र थाहा हुन्छ कि एक जिम्मेवार स्वास्थ्यकर्मीको क्षयरोगप्रतिको कर्तव्य व्यक्ति, परिवार, समाज हुँदै राज्यसम्म फैलिएको हुन्छ । काम गर्दै जाँदा बिरामी निको हुँदा अत्यन्त खुसी लाग्छ भने औषधि नियमित सेवन नगर्दा बिरामीले मृत्युवरण गर्दा अत्यन्त दुःख लाग्छ । उपचारको क्रममा स्वास्थ्यकर्मीहरू आफै सङ्क्रमित हुने जोखिम पनि उत्तिकै रहन्छ ।

सरकारी तथा गैरसरकारी संस्थाहरूले क्षयरोग नियन्त्रणमा लगानी गरिरहेका छन् । तथापि, बिरामीहरूको सङ्ख्या घट्नुको सट्टा समुदायमा लुकेका बिरामीहरू अझै धेरै छन्, जुन समुदायका लागि जोखिमपूर्ण हुनसक्छ ।

नेपालको पछिल्लो अवस्था (आ.व. २०८१/०८२) अनुसार, कुल अनुमानित क्षयरोगी सङ्ख्या करिब ६७,००० प्रतिवर्ष रहेको छ । नयाँ केस दर १,००,००० जनसङ्ख्यामा २२७ रहेको छ । त्यस्तै, वार्षिक मृत्यु सङ्ख्या करिब १६,००० देखि १८,००० सम्म रहेको छ, जसको प्रमुख कारण क्षयरोग हो ।

सन् २०२३ को तथ्याङ्कअनुसार, नेपालमा पत्ता लागेका करिब ६८,००० बिरामीमध्ये ४०,००० उपचारमा छन् भने करिब ३०,००० बिरामी अझै उपचारको दायरामा आएका छैनन् । यसले के देखाउँछ भने क्षयरोगीहरू अझै समाजमै छन् र अन्य स्वस्थ व्यक्तिमा रोग सार्ने जोखिम रहिरहेकै छ ।

**स्थानीय स्तरका स्वास्थ्यकर्मीहरूले भोग्ने प्रमुख चुनौतीहरू :**

**१) बिरामी पहिचानमा ढिलाइ हुनु**

बिरामीहरू स्वास्थ्य समस्या देखिनेबित्तिकै स्वास्थ्य संस्थामा नआएर घरेलु उपचारतर्फ लाग्ने वा औषधि पसलबाट जथाभावी औषधि किनेर सेवन गर्ने प्रवृत्ति हुन्छ । खोकी लागेपछि खकार परीक्षण नगरी एन्टिबायोटिक प्रयोग गर्दा रोग लुक्ने र फैलिने सम्भावना बढ्छ ।

**२) नियमित औषधि सेवन नगर्नु**

निदान भएपछि पनि बिरामीले चिकित्सक वा स्वास्थ्यकर्मीले तोकेअनुसार औषधि सेवन नगर्ने, बिचमै छोड्ने समस्या हुन्छ । यसले औषधि प्रतिरोधी क्षयरोगको जोखिम बढाउँछ ।

**३) सामाजिक कारण**

क्षयरोगीलाई समाजमा फरक नजरले हेर्ने, दोस्रो दर्जाको व्यवहार गर्नेजस्ता कारणले बिरामी उपचारबाट टाढा हुन सक्छन् ।

**४) आर्थिक समस्या**

विपन्न परिवारका लागि उपचार गर्न जान यातायात खर्च अभाव, पोषणयुक्त खाना खान नसक्नुजस्ता समस्याले उपचारमा बाधा पुऱ्याउँछ ।

**५) दक्ष स्वास्थ्यकर्मीको अभाव**

दुर्गम तथा कतिपय सुगम क्षेत्रमै पनि क्षयरोगसम्बन्धी आधारभूत तालिम प्राप्त स्वास्थ्यकर्मीको अभाव हुँदा निदान र उपचारमा समस्या हुन्छ ।

**६) अन्य चुनौतीहरू**

सङ्क्रमित बस्तीमा गएर खकार नमुना सङ्कलन गर्न कठिनाइ हुनु, स्वास्थ्यकर्मी आफै सङ्क्रमित हुने जोखिम रहनु आदि ।

**समाधानका उपायहरू :**

**१) सक्रिय बिरामी खोज (Active Case Finding ? सक्रिय केस खोज)**

समुदायमा रहेका तर उपचारमा नआएका बिरामीहरूलाई समुदायमै खकार नमुना सङ्कलन गरेर पहिचान गर्ने ।

उपचाररत बिरामीका परिवारका सदस्यहरूको सम्पर्क परीक्षण गर्नु ।

**२) प्रत्यक्ष निगरानीमा उपचार (DOTS ? प्रत्यक्ष निगरानी उपचार प्रणाली)**

स्वास्थ्यकर्मीको निगरानीमा बिरामीलाई औषधि सेवन गराउने, जसले उपचार सफलता दर बढाउँछ ।

**३) समुदायमा आधारित स्वास्थ्य शिक्षा**

क्षयरोगसम्बन्धी जनचेतना फैलाउने, अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, पोस्टर/पम्प्लेट प्रयोग गर्ने ।

**४) पोषण सहयोग**

बिरामीलाई पोषणयुक्त आहारका लागि आर्थिक तथा खाद्य सहयोग उपलब्ध गराउने ।

**५) स्वास्थ्य सेवा प्रणाली सुदृढीकरण**

एकीकृत सेवा प्रणाली विकास गर्ने, एउटै निर्देशिका (Guideline ? मार्गनिर्देशन) अनुसार काम गर्ने ।

माइक्रोस्कोपिक केन्द्र, डिजिटल एक्स-रे सेवा विस्तार गर्ने, स्वास्थ्यकर्मीलाई तालिम दिने ।

**६) डिजिटल प्रणाली विकास**

बिरामीको सम्पूर्ण विवरण (खकार परीक्षण, औषधि तालिका, सम्पर्क परीक्षण) डिजिटल अभिलेखमा राख्ने ।

**निष्कर्ष**

क्षयरोग नियन्त्रणमा स्वास्थ्यकर्मीको भूमिका अत्यन्त महत्त्वपूर्ण छ । नेपाल सरकारले 'End TB Strategy २०३५' लक्ष्य लिएको भए पनि कार्यान्वयनमा कमजोरी देखिन्छ । कतिपय स्थानमा कार्यक्रमहरू समिति गठनमै सीमित भएका छन् ।

यदि स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरूले प्रभावकारी रूपमा काम गर्न सके भने क्षयरोगको सङ्क्रमण दर घटाउन सकिन्छ । त्यसका लागि तीनै तहका सरकारले रणनीतिलाई व्यवहारमा उतार्न आवश्यक छ ।

# वर्गीय शोषणको अन्त्य हुनुपर्छ

✍ सत्य सुवाल

कार्ल मार्क्सदेखि माओसम्मले बोकेको 'श्रमको मुक्ति' र 'वर्गीय शोषणको अन्त्य' को आदर्शले विश्वभरि मजदुर-किसानलाई हौसला दियो । नेपालजस्तो असमान समाजमा त्यसले न्यायको आकाङ्क्षा जगायो । 'मानिस-मानिसमा विभेद दृष्टि' भन्ने सपना अस्वीकार गर्नु इतिहासप्रतिकै अन्याय हुन्छ । तर, सिद्धान्त जति सादा थियो, व्यवहारमा कहिलेकाहीँ त्यसलाई प्रयोग गर्ने तरिकाले नयाँ विभाजन जन्मायो । 'जनजाति, आदिवासी, मूलवासी' जस्ता नाममा कसैलाई आवाज मिल्यो, कसैलाई असुरक्षा महसुस भयो । संविधानले एकातिर खस-आर्य लेख्दा, अर्कातिर विविध परिचय छुट्यायो । परिणामतः 'सबैलाई मानिस' भन्ने ठाउँ साँघुरियो, 'हामी-उनीहरू' को रेखा गाढा भयो ।

व्यावसायिक हितको नाममा बजारतिर दलाल पुँजीवादको खेल अर्कै गतिमा चल्यो–नाफा नै सर्वस्व, मजदुरलाई ज्याला-पैसासँग मात्र जोख्ने, सिन्डिकेटमार्फत मूल्यवृद्धि र कमसल सामानको दबाब । यता पहिचानको चर्को बहस, उता नाफाको मौन सञ्जाल; दुवैले सर्वसाधारणको दैनिकीमा धुवाँ मात्र थपे ।

तर समाधान पनि यहींबाट सुरु हुन्छ । कम्युनिस्ट विचारको सम्मानित अंश सम्झौं–श्रमको सम्मान, सार्वजनिक सम्पत्तिको रक्षा र शोषणविरुद्ध ऐक्यबद्धता । यी मान्यतालाई पूर्वीय दर्शनसँग जोडौं, जहाँ सबैलाई मानिसकै हैसियतमा हेरिन्छ । पहिचानलाई गौरव मानौं, तर अरूलाई काट्ने रेखा होइन; बजारलाई प्रतिस्पर्धी बनाऔं, तर बिचौलियाको अखडा होइन । संविधानमा र व्यवहारमा 'मानिस' लाई पहिले लेख्ने बानी बसालौं, किनभने पृथ्वीमा कोही पनि अनन्त कालदेखि 'स्थायी' छैन–बढीमा केही पुस्ताको बसाइँसराइ मात्र हो ।

शोषण साँघुऱ्याउने काम होस् । सत्य नारामा होइन, अनुभवमा उतारौं । सूर्य उदाउँछ-अस्ताउँछ तर प्रकाशको नियम रहिरहन्छ; नदी सुके पनि जल मर्दैन । हाम्रो भविष्य पनि त्यस्तै होस् – पहिचानको सम्मान, श्रमको मर्यादा र सबैलाई 'मानिस' भन्ने सभ्यताको उज्यालोसहित ।

'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिक
नियमित अध्ययन गर्नुहोला ।

***चीनको...***

बलिदान गर्यो । आन्दोलन दबाइसकेपछि सरकार झन् कमजोर भयो र पुनः साम्राज्यवादीहरूले एकपछि अर्को असमान सन्धिमा फसाउँदै गए ।

**साम्राज्यवादी हत्या, हिंसा र लुटपाट**

सेप्टेम्बर १९०० मा थेनसीन ( Tienstsin) मा साम्राज्यवादीहरू एक लाख सेना जम्मा गरी पेचिङतिर हिँडे । पेचिङ पुग्नुभन्दा पहिले नै यि हो त्वान आन्दोलनकारीहरू साम्राज्यवादी आक्रामकहरूसँग भिड्दै गए र देशको रक्षा गर्दै रहे । छिङ सरकारका अधिकारीहरूले आक्रामकहरूलाई बाटो सजिलो पार्दै देशभक्तहरूलाई विश्वासघात गर्दै गए ।

साम्राज्यवादीहरूले पेचिङमा तीन दिनसम्म लुटपाटको छुट दिए । रुसीहरूले ठुलठुला १० बाकस मूल्यवान सामान लुटे; जापानीहरूले थेनसीनमा २० लाख चाँदीका मुद्रा मूल्यको सामान लुटे; जर्मनी सेनाले हप्तौंसम्म आफ्नै सरकारको आदेशअनुसार लुटे । अमेरिकी र फ्रान्सेली फौजले ३० फिट लामो, ३० फिट चौडा र चार फिट उचाइको चाँदीको चाङ लुटे ।

सिपाहीहरूले मात्र होइन अमेरिकी र फ्रान्सेली धर्मगुरु, पुरोहित र धर्म प्रचारकहरूले १० औं लाख चाँदीका टायल र १० टन अन्नसमेत लुटे ।

ग्रीष्म दरबार र अन्य दरबारहरूबाट लैजान हुने सबै सामान लुटे तथा अनेक कलाकृति ध्वस्त पारे तथा केही महिना उँटहरूलाई बोकाई ओसारे । नक्षेत्र र बधशालाका वैज्ञानिक उपकरणहरू, असङ्ख्य प्राचीन काँसका पोर्सेलीनका सामान, पन्नाका सामान, चित्र र कार्चोपी भरेका चित्रहरू, पुस्तकहरू, ३०७ खण्डको विश्वकोष ( १४०३-३४) फ्रान्सेली र जर्मनहरूले लुटे ।

'सभ्य' साम्राज्यवादीहरूले पुस्तौंपुस्ताका बहुमूल्य कलात्मक वस्तु तथा कलाकृति मात्रै लुटेनन्, बलात्कारका कैयौं घटनाहरूले धेरै महिलाहरूलाई आत्महत्या गर्न बाध्य पारे । 'बक्सर आन्दोलनका डाँकु र हत्याराहरूले विदेशी सामानको विरोध र बहिष्कार गरेको र आगो लगाएको आरोप लगाउने' 'सभ्य पश्चिमेली' हरूले आइमाई र केटाकेटी केही नभनी हत्या गरे तथा सहरहरू खरानी पारे ।


यस्तै मौका पारेर चीनको उत्तर-पूर्वी क्षेत्रमा रुसले 'पहेँलो रुस' बनाउने 'पहेँलो जातिबाट रक्षा' गर्न १ लाख ७७ हजार पैदल सेनामार्फत ६ वटा बाटो हुँदै चीनमाथि आक्रमण गर्यो । तर, यि हो त्वान आन्दोलनकारीहरू र छिङ सरकारको सेना मिलेर रुसी आक्रमणलाई रोके ।

**छिङ सरकारले फेरि घुँडा टेक्यो**

२४ डिसेम्बर १९०० मा संरा अमेरिका, रुस, जापान, जर्मनी, फ्रान्स, इटली र अस्ट्रिया-हङ्गेरी तथा स्पेन र बेल्जियम एवम् नेदरल्यान्ड गरी जम्मा ११ वटा साम्राज्यवादी देशले १२ वटा दफा भएको खेस्रा सम्झौता प्रस्तुत गरे ।

२७ डिसेम्बरको दिन सियानबाट विधवा साम्राज्ञीले स्वीकार्न आदेश दिइन् । छिङ सरकारको तर्फबाट यिकुआङ र लि हुङ चाङको प्रतिनिधिमण्डलले ७ सेप्टेम्बर १९०१ मा सम्झौतामा हस्ताक्षर गरे । १२ वटा दफामध्ये चीनले ६ करोड ७५ लाख स्टर्लिङ पाउन्ड अर्थात् ४५ करोड चाँदीको टायल हर्जाना तिर्न मञ्जुर गर्यो । त्यो रकम ३९ वर्षमा फछ्र्योट हुने तथा वर्षको चार प्रतिशत ब्याज पनि चीनले तिर्नुपर्ने भयो । चीनले ऋणपत्र, नुनको कर, विदेशी सामानको भन्सार, भूमिकर र पानी पोतबाट कर उठाई साम्राज्यवादीहरूलाई तिर्ने भयो ।






ब्याजसहित हर्जाना ९५ करोड चाँदीको टायल हुन्छ ।

विदेशीहरूको क्षेत्रको बढी अधिकार र बन्दोबस्तबाहेक रेल बाटोको दायाँ-बायाँ र रणनीतिक बिन्दुमा तिनीहरूको चौकीहरू राखिने भयो ।

यि हो त्वान आन्दोलनलाई सहयोग गर्ने अधिकारीहरूलाई सजाय गर्ने, ५ वर्षसम्म देवानी र फौजदारी कर्मचारीहरूलाई पदोन्नति हुने परीक्षा बन्द गर्ने र साम्राज्यवादविरोधी सबै जनताका सङ्गठनहरूमा प्रतिबन्ध लगाउने भयो ।

६ अक्टोबर १९०१ मा सियानबाट विधवा साम्राज्ञीको पेचिङतिर सवारी चलाइयो । होनान प्रान्तदेखि चिहलि प्रान्त भई सवारी ७ जनवरी १९०२ मा पेचिङ पुग्यो । सवारीको बन्दोबस्त गर्न ३० हजार चाँदीको टायल खर्च गरियो र धेरै जनताले दुःख पाए ।

आत्मसमर्पण गरेको र हर्जनामार्फत जनतामाथि थप दुःख थोपरेको हुँदा सवारीको दायाँ-बायाँ कागजमा लेखी जनताले टाँसेका थिए -

*विदेशी सैनिक दलहरू हाम्रा सहरहरूमा आए*
*घर-घरमा आगो लगाई भत्काए ।*
*लडाइँको हर्जाना साह्रै ठुलो छ*
*हामी साधारण जनताले त्यसलाई तिर्नु छ ।*
*शाही करहरू झन् बढी बढ्ने भयो,*
*अधिकारीहरूले भोका ब्वाँसोजस्तै लुट्ने भो ।*
*शाही सडकको नजिक को जान साहस गर्ला ?*
*के तीन हजार चाँदीको इँटा जरिवाना तिर्ला ?*
*सारा यो सडकमा अनि सबै ठाउँहरूका घरहरू र पुर्खाका समाधिहरू छन् ध्वस्त भएका ।*

**साम्राज्यवादविरोधी जाज्वल्यमान सङ्घर्ष**

साम्राज्यवादी विदेशी आक्रामकहरू पेचिङको गल्ली-गल्ली र दरबारहरूमा पसी लुटपाट, हत्या, आगजनी र बलात्कारका ताण्डव मच्चाउँदै थिए । छिङ शासक विधवा साम्राज्ञी टु सी दरबार छोडी सियान भागिन् । सामन्तवर्ग, काजी, बाबुसाहेब र दरबारियाहरू विदेशी आक्रामकहरूलाई झुकेर स्वागत गर्दै थिए । यि हो त्वान आन्दोलनकारीहरू तीन दिनसम्म सहरको ढोकामा एक एक इन्च भूमिको निम्ति जीवन-मरणको सङ्घर्ष गर्दै थिए । शत्रु सेनालाई गाउँ-गाउँसम्म तान्दै प्रहार गर्दै थिए ।

चि तु कोङ (Chi Tzu–Kong) भन्ने एक शिक्षकले सन् १९०२ को मार्च महिनासम्म 'कुशासनले जनतालाई विद्रोही बनायो' र 'छिङ वंशलाई बढार, विदेशीहरूलाई निर्मूल गर' भन्ने नाराका साथ सङ्घर्षलाई चालू राखे ।

दक्षिणी चिहलीमा ४० हजारसम्म आन्दोलनकारी सङ्गठित गर्दै चर्चहरूमाथि हमला गर्दै साम्राज्यवादी धर्म प्रचारकहरूमाथि प्रहार गर्दै थिए । यि हो त्वान आन्दोलनले साम्राज्यवादीहरू १९ औं शताब्दीको अन्तसम्म चीनलाई विभाजित गर्ने र भागबन्डा गरी कब्जामा राख्न लागिरहे ।

सुधारवादीहरू, सामन्तवर्ग र दरबारियाहरू साम्राज्यवादका पिछलग्गू साबित भए । क्रान्तिकारी जनतामात्रै देशभक्त र साम्राज्यवादविरोधी हुन्छन् भनी साबित भयो ।

***स्रोत : चीनका प्रसिद्ध युद्ध र विद्रोहहरू***

# निर्वाचनबारे संवाद ५

• आयसाथी

*(खड्काजी र थापाजी फरक पालिकाका भए पनि दुवै एउटै कलेजमा पढ्छन् । कलेजको चियापसलमा दुई जनाबिच फागुन २१ गतेको चुनावबारे छलफल हुन्छ ।)*

**खड्काजी:** भदौ २३ र २४ गतेको घटनामा दुई गोली लागेका मिलन खत्री अझै जेलमा रहेको के सत्य हो ?

**थापाजी:** एक बहिनीले हालै माइतीघर मण्डलामा अर्की बहिनीसँग यही विषय उठाएकी छिन् । ती बहिनीले अर्की बहिनीलाई गृहमन्त्रीलाई राति २ बजे फोन गर्न सक्ने यहाँ किन नाटक गरिरहेकी, कार्की आयोगको प्रतिवेदन निर्वाचनअघि नै सार्वजनिक किन नगराएको भनी सोधेकी थिइन् ।

**खड्काजी:** मानव अधिकार आयोगको प्रतिवेदनमा भदौ २३ गतेको हत्या र भदौ २४ गतेको आगजनी हुनुमा नेपाली सेना प्रमुख पनि जिम्मेवार हुने उल्लेख भएको के हो त ?

**थापाजी:** बालबच्चाको मृत्यु र संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत जलाउनेलाई सेनाले किन रोकेन भन्ने विषय सुरुमै उठेको हो । सेना संस्थागत हुनुपर्दछ र देशको मेरुदण्ड पनि हो । नेपाली जनताले सेनाको कमी कमजोरी खोज्नुपर्ने आवाज पनि उठेकै हो ।

**खड्काजी:** सिंहदरबार जलाइदिन्छु भन्नेलाई निर्वाचनमा दुईतिहाइ दिन लगाउने को को होलान् त ?

**थापाजी:** भदौ २३ गतेबाट सुरु भएको महाजाल फागुन २१ गतेको चुनावको मतदानसम्म अघि बढ्यो । परिणाम घोषणा गराउनु त सजिलै भयो । यसमा संरा अमेरिकी र भारतीय प्रशासनको संलग्नतासमेत रहेको सार्वजनिक भइरहेको छ । अब नेपाली जनताले बुझ्नु जरुरी छ, विदेशीको भरमा देशको विकास होइन, विनास हुनेछ ।

**खड्काजी:** के कार्की आयोगको प्रतिवेदन समयमै सार्वजनिक भएको भए नतिजा फरक हुने थियो ?

**थापाजी:** बालबच्चा हत्या र सार्वजनिक सम्पत्ति आगजनीमा संलग्नहरू उम्मेदवार हुन पाउने थिएनन् र चुनाव साँच्चै चुनावजस्तो हुने थियो र फौजदारी अभियोगमा मुद्दा चलाउनु पर्नेहरू संसद्मा पुग्ने थिएनन् ।

**खड्काजी:** निर्वाचन सरकारका भूमि व्यवस्थामन्त्रीले मालपोत अधिकृतको कुर्सी करोडमा बिक्री हुने बताएको के हो त ?

**थापाजी:** सरकारका सबै प्रमहरू एउटै सिक्काका दुई पाताजस्तै हुनुको परिणाम हो, यो । व्यक्ति परिवर्तन भएर नहुने प्रवृत्ति नै परिवर्तन हुनु आवश्यक छ । निर्वाचन सरकार पनि अनेक अनियमिततामा संलग्न भएको सार्वजनिक भइरहेको छ । सिस्नो रोपेर तुल्सी उम्रन्न भनेको यही हो ।

*२०८२ चैत १० गते*




इरानमाथिको अमेरिकी-इएजरायली युद्ध अन्त्य गर्न र हर्मुज जलडमरुमा सेना नपठाउन माग गर्दै दक्षिण कोरियाको राजधानी सिउलस्थित त्यहाँको संसद् (राष्ट्रिय सभा) अगाडि विरोध प्रदर्शन गरिरहेका शान्तिप्रेमी कोरियाली जनता मार्च २४, २०२६ मङ्गलबारका दिन । उनीहरूले कुनै पनि हालतमा दक्षिण कोरियाली सेनालाई संरा अमेरिकाको मागअनुसार विदेशी भूमिमा परिचालन नगर्न आफ्नो देशको सरकारलाई चेतावनी दिए ।

*तस्बिर : एपी/आन्ह् योङ जून*

# पानी नीति, आपूर्ति र उपयोग शैली महिलामैत्री बनाउन सुझाव

काठमाडौँ, १० चैत । खानेपानी सरसफाइ र स्वच्छताको क्षेत्रमा काम गर्ने विज्ञहरूले नेपालको पानी नीति, आपूर्ति पद्धति र उपयोग शैली महिलामैत्री बनाउन सुझाव दिनुभएको छ । विश्व पानी दिवस-२०२६ को अवसरमा 'स्मार्ट वास सोलुसन्स' को आयोजनामा पानी र लैङ्गिक समानता विषयमा सोमबार यहाँ भएको कार्यशालाका वक्ताहरूले यस्तो सुझाव दिनुभएको हो ।

कार्यक्रममा अन्तर्राष्ट्रिय जल व्यवस्थापन प्रतिष्ठानका निर्देशक डा. मनोरमा खड्काले नेपालको पानीसम्बन्धी नीति, कार्यक्रम, अभ्यास, परम्परा महिलामैत्री बनाउन नसकिएकोले महिलाहरूको आर्थिक, सामाजिक, शैक्षिक र समग्र विकास प्रभावित भएको बताउनुभयो । उहाँले अझै नेपालका ग्रामीण क्षेत्रमा पानीको आपूर्ति सहज नभएको र खानेपानीदेखि घरेलु काममा उपयोगमा गरिने पानी सङ्कलनको जिम्मेवारी महिलाले लिने प्रचलन देखिएकोले छोरीहरूको पढाइ र अन्य सामाजिक सहभागिताको विषय प्रभावित भएको बताउनुभयो । उहाँले पानी सङ्कलनको क्रममा महिलाहरूले हिंसा पनि सहनु परेको उल्लेख गर्दै भन्नुभयो, "दलित महिलाहरूको स्थिति त भयावह छ । तराईमा होस् कि पहाडमा जातीय विभेद र छुवाछूतको विभेद भनिसाध्य छैन ।"

खानेपानी मन्त्रालयका सहसचिव मीना श्रेष्ठले घरको काम पुरुष र महिलाले बराबरी गर्ने अभ्यास नहुनु नै महिलाहरूको विकासको बाधक भएको बताउनुभयो । उहाँले केही प्रदेशका केही पालिकाहरूमा विदेशी दातृ निकाय र संस्थाहरूको सहयोगमा 'एक घर एक धारा' अभियान चलेकाले यो पूरा भएमा पानीका कारण रोकिएको महिलाहरूको आर्थिक-सामाजिक विकासको गति अगाडि बढ्न मद्दत पुग्ने बताउनुभयो ।

कार्यक्रममा जल तथा ऊर्जा आयोगका सिनियर डिभिजनल इन्जिनियर डा. कपिल ज्ञवालीले पानीको बहुपक्षीय उपयोगको महत्त्वलाई आत्मसात् गरेर आयोगले विश्व पानी दिवस, हिमनदी दिवस र जल तथा मौसम दिवसलाई समेट्ने गरी 'वास विक' नै मनाउन थालेको बताउनुभयो ।

पूर्वमन्त्री गणेश साहले पानी संसारभर सबै वर्ग, पेसा, समुदाय र उमेर समूहका नागरिकका लागि सुख तथा समृद्धिको माध्यम र परिचायक भएको बताउनुभयो । "जसकहाँ पानी बढी छ, त्यो धनी छ । पानी नहुने गरिब छ । पानीले धनी बनाउन सक्छ", उहाँले भन्नुभयो । उहाँले पानीका सम्बन्धमा सहज उपलब्धता, पहुँचयोग्य र किफायतीपन महत्वपूर्ण भएको उल्लेख गर्नुभयो ।

कार्यक्रमको दोस्रो सत्रमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानका पूर्वउपकुलपति तथा राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा सुनिलबाबु श्रेष्ठद्वारा सञ्चालित बहसमा विज्ञ, नीतिनिर्माता, स्थानीय निकायका प्रतिनिधि र खानेपानीका क्षेत्रमा काम गरिरहेका अभ्यासकर्ताहरूले आ-आफ्नो क्षेत्रमा भएका असल अभ्यासका बारेमा बताउनुभएको थियो । कार्यक्रममा स्मार्ट वास सोलुसन्सका अध्यक्ष रामदीप साहले स्वागत मन्तव्य गर्नुभएको थियो भने समापन मन्तव्य वाटर एड, नेपालका कवीन्द पुडासैनीले गर्नुभएको थियो ।

संयुक्त राष्ट्र सङ्घले सन् १९९३ देखि विश्व पानी दिवस मनाउन थालेको हो । यस वर्षको पानी दिवस पानी र महिला विषयमा केन्द्रित छ । यस वर्षको नारा जहाँ 'पानी प्रवाहित हुन्छ, त्यहाँ समानता बढ्छ' भन्ने रहेको छ ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
**देको-मिबा-इतापाके जग्गा एकीकरण आयोजना क्षेत्रको**
**बिक्री गरिने जग्गाको बोलपत्र स्वीकृतसम्बन्धी सूचना**

**प्रकाशित मिति २०८२/१२/११**

यस आयोजना क्षेत्रको विकसित घडेरी प्लटहरू गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट बढाबढमा बिक्री गर्न मिति २०८२/०९/२४ गतेको सूचनाअनुसार बोलपत्र पेस गर्ने तपसिलका बोलपत्रदाताहरूको बोलपत्र स्वीकृत गर्ने निर्णय भएको हुँदा स्वीकृत बोलपत्रदाताले बाँकी ९० प्रतिशतले हुने नपुग रकम यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र भक्तपुर कमलविनायकस्थित नेपाल बैङ्कमा रहेको आयोजनाको खाता नं.०१९००१०००४३५०७००००००१ मा जम्मा गरेको सक्कल बैङ्क भौचर बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयभित्र रकम नबुझाएमा धरौटीबापत जम्मा भएको रकम जफत गरिनेछ ।

**तपसिल**

| सिनं. | स्वीकृत बोलपत्रदाताको नाम | कि.नं. | कबोल अङ्क |
|---|---|---|---|
| १. | विन्दिरा श्रेष्ठ | २०० | १२७०००००।०० |
| २. | मोहनलक्ष्मी श्रेष्ठ | २२० | १०७७७७७७।०० |
| ३. | अष्टमान बासुकला | १६५३ | ९०३००००।०० |
| ४. | गायत्री धौबन्जार | २३६९ | २४५६१८६५।०० |

**आयोजना प्रमुख**

बालबालिकालाई लागूऔषध दुरुपयोगबाट बचाऔं।

❖ लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
❖ बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
❖ बालबालिकाको संगतमा ध्यान दियौं,
❖ लागूऔषधबाट हुने हानि र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
❖ बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
❖ बालबालिकालाई घरमा माया र समय दिने गरौं,
❖ विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
❖ बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोतसाहन गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**विद्युतीय तथा फाइबर केबुलहरू व्यवस्थापन गर्नेसम्बन्धी सूचना**

**प्रथम प्रकाशित मिति : २०८२/१२/११**

भक्तपुर नगर क्षेत्रभित्र राखिएका विभिन्न विद्युतीय तथा फाइबर केबुलहरू अव्यवस्थित भई अशोभनीय देखिनुका साथै आगलागीसमेत हुनसक्ने सम्भावना भएकोले तार व्यवस्थापन गर्न पहिलो चरणमा वडा नं. ९ दत्तात्रय मन्दिर पछाडि पाटीदेखि च्याम्हासिंह ध्वाका (गेट)सम्म राखिएका प्रयोगविहीन केबुलहरू सम्बन्धित सेवा प्रदायक र सङ्घ संस्थाहरू आफैले निकाली व्यवस्थापन गर्ने कार्य मिति २०८२ चैत ११ गतेदेखि १ हप्ताभित्र सम्पन्न गर्ने भनी सरोकारवालाहरूको बैठकबाट निर्णय भएको हुँदा सम्पूर्ण सेवाग्राही र वडावासीहरूबाट आवश्यक सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

***निर्वाचनमा...***

नआएकाले मतपत्र खेर गयो भन्ने आधारमा कुनै शङ्का गर्नु उचित हुँदैन ।"

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले पाठ्यपुस्तक छपाइलगायत नियमित कामका अतिरिक्त राष्ट्रको जिम्मेवारीलाई बोध गर्दै आयोगको कार्यदिशबमोजिम दैनिक १३ लाख मतपत्र छपाइ गरी सुरक्षितरूपमा समयमै हस्तान्तरण गरिएको बताउनुभयो । उहाँले मतपत्र छपाइको कामले केन्द्रलाई घाटापूर्ति गर्न पनि सघाएको बताउनुभयो ।

'सरकारी कागजात धुल्याउने नियमहरू, २०२७ (पहिलो संशोधन, २०७०' मा धुल्याउने भन्नाले 'सरकारी कार्यालयमा रहेको कागजातमा लेखिएको व्यहारो पढ्न, बुझ्न वा त्यसको कुनै उपयोग गर्न नसकिने गरी रद्द गर्ने कार्यलाई सम्झनुपर्छ र सो शब्दले त्यस्तो कागजलाई आगोमा डढाउने कार्यसमेत जनाउँछ' भनिएको छ ।

सो कानुनअनुसार सम्बन्धित कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको कागजात अवधि पुगेपछि 'नेपाल सरकारको कुनै हानि-नोक्सानी नहुनेदेखि धुल्याउन उचित ठहऱ्याएका जति कागजातहरू काम तामेल भइसकेपछि जुनसुकै बखत धुल्याउन धुल्याउन आदेश दिन सक्ने' व्यवस्था छ । धुल्याउने कागजातहरू लिलाम बिक्री पनि गर्न सकिने भनिएको छ ।

कानुनमा काम तामेल भएको तीन महिनापछि धुल्याउने कागजातहरूको वर्गीकरण गरिएको छ । 'नक्सा र डिजाइनसम्बन्धी तथ्या' बाहेक कुनै निर्माण कार्यसम्बन्धी योजना, सम्झौता, ठेक्का पट्टा, अनुदानसम्बन्धी कागजात सो कार्य पूरा भएपछि लेखापरीक्षण गराउनुपर्ने भए गराइ अन्तिम रूपमा फर फारक भएपछि र लेखा परीक्षण गराउनुपर्नेमा सम्बन्धित कार्य पूरा भएपछि धुल्याउने व्यवस्था छ । राष्ट्रका लागि अभिलेखमूलक कागजात कहिल्यै नधुल्याउन नपाउने भनिएको छ ।

आयोगले विसं २०७९ मा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि चार/चार करोड मतपत्र छपाइ भएकामा करिब ६२ प्रतिशत मतदान भई बाँकी मतपत्र प्रयोगविहीन भएको थियो ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा